गुणस्तरीय सेवा स्वदेशमै दिन सकिन्छ : मन्त्री शर्मा | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २५ • अंक २०३ • २०८० साल पुस ५ गते बिहीबार (21 December, Thursday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

## नेपाली कांग्रेसको मधेश प्रदेशको पहिलो सम्मेलन आजवाट

# कांग्रेसका सभापति देउवाले उदघाटन गर्ने, सवै खेमाका नेताहरु आउने

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको मधेश प्रदेश समितिको पहिलो सम्मेलन बिहीबारवाट सुरु हुने भएको छ । मधेश प्रदेश समितिको सम्मेलनको समुद्घाटन तिरहुतिया गाछीमा हुने छ भने बन्द शत्र महेन्द्र नारायण निधि संस्कृति केन्द्रमा हुने जनाइएको छ । सम्मेलनमा सवै खेमाका नेताहरु उपस्थित रहने जनाइएको छ ।

सम्मेलनमा नेपाली कांग्रेसका सभापति शेरवहादुर देउवा, वरिष्ठ नेता शेखर कोइराला, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा लगायतका नेताहरु सहभागी हुने जनाइएको छ । नेपाली कांग्रेसको यो सम्मेलन मुलुकभरका लागि उदाहरणीय बनाउने योजना मधेश प्रदेश समितिले लिएको दावी गरिएको छ । सम्मेलनका बारेमा जानकारी दिँदै नेपाली कांग्रेस मधेश प्रदेशका सभापति कृष्णप्रसाद यादवले पार्टीको प्रथम प्रदेश सम्मेलनले मधेशको भविष्य निर्धारण गर्ने बताए ।

प्रदेश सरकार गठन भए पनि अधिकार नदिइएका कारण जनतालाई प्रदेश सरकारमाथि अविश्वास बढ्दै गएको र यसलाई स्थापित गर्ने अधिकार सम्मत प्रदेश सरकार बनाउन यो सम्मेलनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनले दावी गरे ।

मधेश प्रदेश समितिका सभापति तथा मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री समेत रहेका यादवले कानुन नबन्दा संविधानले दिएको अधिकारबाट मधेशलाई वञ्चित गरी

> नेपाली कांग्रेसको यो सम्मेलन मुलुकभरका लागि उदाहरणीय बनाउने योजना मधेश प्रदेश समितिले लिएको दावी गरिएको छ । सम्मेलनका बारेमा जानकारी दिँदै नेपाली कांग्रेस मधेश प्रदेशका सभापति कृष्णप्रसाद यादवले पार्टीको प्रथम प्रदेश सम्मेलनले मधेशको भविष्य निर्धारण गर्ने बताए ।

उपेक्षा गरिएको बताए । 'कांग्रेसको प्रथम सम्मेलन मधेश प्रदेशलाई गरिएको उपेक्षा विरुद्धको दबाबमूलक कार्यक्रम हो,' यादवले भने, 'संघीयता विरुद्धका गतिविधि भइरहेको बेला संविधान कार्यान्वयन र संघीयतालाई बलियो बनाउन मधेश प्रदेश सम्मेलन आयोजना गरिएको छ । संघीयताको खाँचो मधेश र मधेशका जनतालाई छ ।'

मधेश प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन गर्नका लागि आफूहरु सहितको टोली प्रधानमन्त्री पुष्पकमल दाहाल संग भेटेर नै आग्रह गर्दा उनले जनताको चाहना अनुसारको नीति तथा कार्यक्रम ल्याउन सुझाएको जानकारी दिए । प्रदेश सरकारलाई केन्द्र सरकारले दिने गरेको कर्मचारी आफू खुशी आउने र जाने भएका कारण प्रदेश सरकारले बनाएको योजना समेत कार्यान्वयनमा समस्या खेप्नु परेको उनले दावी गरे ।

बर्षेनि करोडौं रुपैयाँ फ्रिज हुने गरेका छन् तर, काम गर्ने ठाउँ धेरै भए पनि कार्यान्वयन पक्ष कमजोर देखिएको र त्यो कर्मचारीहरुकै कारण भएको उनको आरोप रहेको छ । मधेश प्रदेश सरकारका लागि आउने कर्मचारी समय व्यतीत गर्न आएको विभिन्न समयमा मन्त्रीहरुले आरोप लगाइ रहँदा मधेश प्रदेश सरकारका वर्तमान भौतिक पूर्वाधार मन्त्री यादवले समेत यस्तो आरोप लगाए । तर, उनले यि सम्मेलनवाट वर्तमान समस्याहरु समाधान हुने दावी समेत गरे ।

मधेश प्रदेशले पाएको अधिकार कार्यान्वयन गर्न र बन्न नसकेको कानुन बनाउन दबाब दिने सम्मेलनको मुख्य उद्देश्य रहेको यादवले बताए । कांग्रेस मधेश प्रदेशको प्रथम सम्मेलनको बिहीबार उद्घाटन र शुक्रबार बन्दसत्र हुने प्रदेशका महामन्त्री वृहस्पति कृष्ण श्रेष्ठले बताए । 'बन्दसत्रमा प्रदेशका ८ वटै जिल्लाबाट छनोट भएका ८ सय २५ जना प्रदेश प्रतिनिधि सहभागी हुने छन्,' श्रेष्ठले भने, 'प्रथम प्रदेश सम्मेलनमा प्रस्तुत हुने राजनीतिक, सांगठनिक र आर्थिक प्रतिवेदनसहित प्रदेश कार्यसमितिले बुधबार पारित गरेको छ ।'

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)

ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी
जनकपुरधाम स्थित होटल

ANJANI SUITE








विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क नं.
९८५४०३०५०२, ९८५४०२७५९१

लोहारपट्टी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी
मधेश प्रदेश, नेपाल

जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्शा पास गरौं ।
- घर निर्माण गर्दा भुकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सो को पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भुमिका निर्वाह गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालार्य बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ्य रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाब गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थय संस्थामा लगेर मासिक रुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

# निर्धारित लक्ष्य पूरा गर्नुस्, नियमित मूल्याङ्कन गर्छु : प्रधानमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो एकवर्षे कार्यकालको गम्भीर समीक्षा गर्दै आफूले आगामी कार्ययोजना तर्जुमा गर्ने बताएका छन् ।

कृषि तथा पशुपन्छी विकास र भूमि व्यवस्था, सहकारी तथा गरिबी मन्त्रालयको बुधबार भएको संयुक्त वार्षिक समीक्षा बैठकमा प्रधानमन्त्रीले जनतालाई केन्द्रमा राखेर सरकारी निकायले काम गर्नुपर्ने बताए । "आज दुई मन्त्रालयको मन्त्रालयगत अवस्था, त्यसको समग्र स्थितिबारे जानकारी लिइयो, यो आफैँमा महत्वपूर्ण छ, मैले सरकारको नेतृत्व गरेको एक वर्ष पूरा हुँदैछ। कार्य तालिका नै बनाएर सबै मन्त्रालयसँग छलफल गर्ने सोचमा छु", प्रधानमन्त्री दाहालले भने, "एक वर्षमा हामीले कति काम गर्‍यौं, कहाँ के कति समस्या रहे, त्यसको गम्भीर अध्ययन गरेर भावी योजना बनाउँछु ।"प्रधानमन्त्री दाहालले अब नियमितरूपमा छलफल, समीक्षा र मूल्याङ्कन सुरु गरिने बताउँदै भने, "जनतालाई परिणाम दिने मुख्य विषय हो, जति राम्रो परिणाम दिन सकियो, जनतामा राज्यप्रतिको विश्वास त्यति नै बढ्दै जान्छ, हामीले जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्छ ।"

देशको अर्थतन्त्र, राजनीति र समाजको मुख्य संयन्त्र कृषि र भूमि भएको वास्तविकता प्रस्तुत गर्दै प्रधानमन्त्रीले कृषिलाई विकासको मूल आधार र भूमिको वैज्ञानिक व्यवस्थापन गर्न नसकिए समृद्धि हासिल गर्न नसकिने बताए । उनले भने, "जलविद्युत् र उद्योग पनि महत्वपूर्ण छन् । उद्योग पनि कृषिमा आधारित छन् । कृषिको उत्पादकत्व बढाउने र भूमिको वैज्ञानिक व्यवस्थापनलाई केन्द्रमा राखेर काम गर्नुपर्छ ।"



रासायनिक मलका लागि सधैँ विदेशी उत्पादकको मात्रै भर पर्न नसकिने जनाउँदै प्रधानमन्त्री दाहालले अब स्वदेशमा नै मल कारखाना स्थापना गर्नेतर्फ सोच्नुपर्ने बताउनुभयो । रासायनिक मलको मात्रै भर नपरी कम्पोष्ट मलको पनि अधिकतम उपयोग गर्ने नीति बनाइनुपर्नेमा उनको जोड थियो ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं बजेट विगतकोभन्दा भिन्नरुपमा तर्जुमा गर्नुपर्ने खाँचो औँल्याउँदै प्रधानमन्त्रीले त्यसका लागि चाँडै सरोकारवालासँग छलफल गरिने बताए । उनले भने, "यसपटक विगतमाभन्दा भिन्न बजेट, नयाँ ढङ्गले प्रस्तुत गर्ने सोच्दैछु । त्यसका लागि पुस महिनाभित्रै बृहत् छलफल गर्छौं । नीति कार्यक्रम र बजेटको परम्परागत ढाँचा परिवर्तन गर्छौं, तपाईहरूले पनि त्यसरी नै सोचिराख्नु होला ।"

बैठकमा कृषि तथा पशुपन्छी विकासमन्त्री बेदुराम भुसालले कृषिका सात प्राथमिकता निर्धारण गर्नुपर्नेमा जोड दिए । उनले नदी प्रणालीलाई जोडेर सतही सिँचाइको प्रबन्ध, उत्पादनशील बीउको प्रबन्ध र किसानलाई साक्षरता, मलमा आत्मनिर्भरता, यान्त्रिकीकरण, बजार व्यवस्थापन, कृषिमा आधारित उद्योगको विकास र प्राविधिक जनशक्ति उत्पादनमा जोड दिएर कृषि क्षेत्रको उत्पादकत्व बढाइनुपर्ने बताए ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ चौधरीले भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी, स्वबासी, हरूवाचरूवालगायत समस्या सम्बोधनमा सरकारले गम्भीर पहल लिइसकेको जानकारी गराईन् ।

मुख्यसचिव वैकुण्ठ अर्यालले कृषि क्षेत्रको उत्पादकत्व बढाउन तथा भूमिको वैज्ञानिक व्यवस्थापन गर्न ' प्याकेज' जरूरी भएकामा जोड दिँदै राज्यका अनुसन्धानमुखी निकाय गम्भीर हुनुपर्ने बताए ।प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्यालले आर्थिक वर्ष २०८०/०८१ को पहिलो चौमासिक प्रगति सन्तोषजनक रहे पनि लक्ष्यमुखी नभएकामा ध्यानाकर्षण गराए ।

कृषि मन्त्रालयका सचिव गोविन्द शर्माले रासायनिक मल खरिद र वितरणको काम यस वर्ष निकै प्रभावकारी भएको बताउँदै आगामी वर्षायामका लागि अहिलेदेखि नै व्यवस्थित तयारी गर्नुपर्नेमा जोड दिए। उनले अनुदानको ढाँचा तथा एकीकृत कृषि ऐनको प्रारम्भिक मस्यौदा तयार भएको, उत्पादनमा आधारित अनुदानको प्रक्रिया अगाडि बढेको र कृषि बीमालाई प्रभावकारी बनाउन प्रयास गरिएको जानकारी दिए ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अर्का सचिव रेवतीरमण पौडेलले अण्डा र मासुमा नेपाल आत्मनिर्भर रहेको र दूधमा आत्मनिर्भर हुने प्रक्रियामा रहेको जानकारी दिँदै दुग्धजन्य उत्पादन वृद्धि तथा पशुचौपायामा देखिएका सङ्क्रामक रोग नियन्त्रणमा योजनाबद्धरूपमा काम गर्नुपर्ने बताए । अर्थसचिव कृष्णहरि पुष्करले अर्थतन्त्रमा क्रमशः सुधार आएको बताउँदै स्रोतको सीमितता र राष्ट्रिय आवश्यकताबीच सन्तुलन कायम गर्ने प्रयास जारी रहेको जानकारी दिए ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दवाडीले मन्त्रालय जग्गा प्रशासनमा बढी केन्द्रित हुनुपरेकाले भूमि प्रशासनमा आधुनिकीकरण गर्न, सहकारी क्षेत्रका समस्या सम्बोधन गर्दै प्रभावकारी नियमनसँगै नतिजा दिन आफूहरू क्रियाशील रहेको बताए ।राष्ट्रिय भूमि आयोगका उपाध्यक्ष नहेन्द्र खड्काले नयाँ र पुराना गरी करिब १५ लाख सेवाग्राहीले आयोगमा निवेदन दिएका तथा कामको चाप र साधनस्रोतबीचको अन्तर सम्बोधन गर्न जरूरी भएको विचार व्यक्त गरे ।

# डलर साटिदिने बहानामा लुटपाट



**टुडे समाचारदाता**

काठमाण्डु । काठमाडौँ उपत्यकामा डलर साटिदिने बहानामा लुटपाटका घटना हुन थालेको पाइएको छ । काठमाडौँ जिल्ला प्रहरी परिसरका अनुसार यसरी लुटपाटमा गिरोहको समूह नै परिचालन हुने गरेको पाइएको हो ।

उनीहरुले विभिन्न स्थानबाट अमेरिकन डलर साट्ने भनी प्रलोभनमा पारेर डलर देखाई पैसा लुटपाट गर्ने गरेको पाइएको परिसरका प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले जानकारी दिए । उनका अनुसार यसरी डलर साट्ने नाममा लुटपाटका घटना भएको प्रहरीमा जानकारी आएपछि केही दिनअघिदेखि टोली परिचालन गरिएको पनि उनले बताए ।

यस्ता गिरोह सक्रिय रहेको छ भन्ने जानकारी आएकाले प्रहरी परिसर र काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट संयुक्तरूपमा खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा मङ्गलबारसम्म आठ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धादिङ घर भई काठमाडौँको सामाखुसी बस्ने वर्ष ३४ का खड्कबहादुर तामाङ, मोरङ घर भई सोही ठाउँ वर्ष ३६ का अशोक लिम्बू, सिन्धुपाल्चोकका रामबहादुर लामा, भक्तपुरको दुवाकोट बस्ने वर्ष ३६ का सुब्बा तामाङ, काठमाडौँको तारकेश्वर बस्ने वर्ष ४५ का चन्द्रबहादुर तामाङ, सिन्धुपाल्चोककै रेलबहादुर तामाङ, देवराज तामाङ र मञ्जु भन्ने कृष्णकुमारी तामाङ रहेका छन् ।

उनीहरूको साथबाट ५० को १६ थान सक्कली अमेरिकन डलर, दुईवटा राहदानी, तिलहरी र एउटा स्कुटर बरामद गरी थप अनुसन्धान थालिएको छ । उनीहरूमार्फत यसरी लुटपाटमा संलग्न अन्य व्यक्तिको खोजी पनि जारी रहेको प्रहरीले जनाएको छ ।

## राष्ट्रपतिद्वारा सर्वोच्च अदालतमा छ जना न्यायाधीश नियुक्त

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले सर्वोच्च अदालतमा छ जना न्यायाधीश नियुक्त गरेका छन् ।

राष्ट्रपति पौडेलले बुधबार नेपालको संविधानको धारा १२९ को उपधारा (२) बमोजिम राष्ट्रपतिले न्याय परिषद्को सिफारिसमा छ जना न्यायाधीशलाई नियुक्त गरेका हुन् ।

सर्वोच्चमा नियुक्त भएका न्यायाधीशहरूमा सारङ्ग सुवेदी, अब्दुल अजिज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुङ्गाना, सुनिल पोखरेल र बालकृष्ण ढकाल छन् । नवनियुक्त न्यायाधीहरूमध्ये सुवेदी, मुलसमान, शर्मा र ढुङ्गाना उच्च अदालतमा कार्यरत थिए भने पोखरेल र ढकाल वरिष्ठ अधिवक्ता थिए । यसअघि बुधबारनै संसदीय सुनुवाइ समितिले उहाँहरुको नाम अनुमोदन गरेको थियो ।

## कोषबाट एक सय बढी सल्लाहकार खारेज

**टुडे समाचारदाता**

काठमाण्डु । पशुपति क्षेत्र विकास कोषमा विभिन्न समयमा नियुक्त भएका सल्लाहकार खारेज भएका छन् । कोषको बुधबार भएको परिषद् बैठकले यसअघि नियुक्त गरिएका सल्लाहकार खारेज गर्ने निर्णय गरेको हो ।

राजसंस्थादेखि नै विभिन्न समयमा नियुक्त भएका एक सय बढी सल्लाहकार खारेज गरिएका पर्यटनमन्त्रीको निजी सचिवालयले जनाएको छ । परिषद् बैठकले पशुपति क्षेत्रमा मदिरा बिक्रीमा बन्देज लगाउने निर्णय गरेको छ भने पशुपति दर्शन गर्न आउनेहरुको सुरक्षाका लागि सुरक्षा चौकी निर्माण गर्ने निर्णय गरेको छ ।

# एचआइभी सङ्क्रमित बढदै

**टुडे समाचारदाता**

नवलपरासी । नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा गत आर्थिक वर्षमा १३ जना नयाँ एचआइभी सङ्क्रमित थपिएका छन् ।

जिल्लामा गत आवमा मात्रै १३ नयाँ सङ्क्रमित थपिएको स्वास्थ्य कार्यालय नवलपुरका स्रोत व्यक्ति डिल्लीराम तिवारीले बताए । साथै जिल्लामा एक वर्षमा पाँच सङ्क्रमितको मृत्यु भएको छ । जिल्लामा हाल नयाँ र पुराना गरी एक सय २० एचआइभी सङ्क्रमित रहेको तिवारीले जानकारी दिए ।

"नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा आव २०७७/७८ मा ८२, २०७८/७९ मा एक सय सात जना र २०७९/८० मा एक सय २० जनामा एचआइभीको सङ्क्रमण भेटिएको छ", उनले भने । गत आवमा भेटिएका एक सय २० जना एचआइभी सङ्क्रमितमध्ये दुई जना पाँचदेखि १४ वर्षसम्मका बालबालिका रहेका छन् ।

"सङ्क्रमितमध्ये ५१ पुरुष र ४८ महिलासहित ९९ जनाले निरन्तर औषधि खाइरनुभएको छ", उनले भने, "पाँच पुरुष र चार महिलाण्सहित नौ जना यस जिल्लाबाट आफ्नै जिल्ला गइसकेका र पाँच पुरुषले औषधि



सेवन गर्न छाडेका छन् ।"सन् २०३० सम्म एचआइभीको सङ्क्रमणलाई अन्त्य गर्ने सरकारको नीति भए पनि नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा एचआइभी सङ्क्रमितको सङ्ख्या भने बढ्दै गएको जिल्ला स्वास्थ्य कार्यालय नवलपुरका प्रमुख केशवप्रसाद चापागाईँले बताए ।

"स्वास्थ्य कार्यालयमार्फत पालिकाहरूले पनि नीतिगत योजना बनाएर एचआइभी सङ्क्रमितको स्वास्थ्योपचारदेखि जीविकोपार्जनलगायतका कार्यमा ध्यान दिनुपर्ने देखिन्छ", उनले भने, "लुकेर बसेका कैयौँ रोगी छन्, कैयौँ सङ्क्रमित छन् त्यस्तालाई हेला गर्नु हुँदैन भन्ने सचेतना जगाउनेदेखि उनीहरूको जीविकोपार्जनका विषयमा स्थानीय तहदेखि नै योजना बनाउन आवश्यक छ ।"अझै पनि समाजमा एचआइभी सङ्क्रमित र तिनका परिवारलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन नसकेको एचआइभीको क्षेत्रमा काम गर्दै आएको संस्था लुम्बिनी प्लसका अध्यक्ष निर्मला पौडेलले बताए ।

"जिल्लामा सङ्क्रमित र प्रभावितका विभिन्न खालका समस्या रहेकाले सङ्क्रमितहरू सार्वजनिक हुन नचाहेकाले पनि समन्वय गर्न चुनौती रहेको देखिन्छ", उनले भने, "एचआइभी सङ्क्रमित हुनु जीवनको अन्त्य होइन नयाँ जीवनको सुरुआत हो भन्ने चेतना समाजमा अझै पुग्न बाँकी देखिन्छ ।" नियमित औषधि सेवन गर्न, रोग नलुकाउन र आफू सङ्क्रमित भए पनि अरू सङ्क्रमित नहुन् भन्ने जनचेतना ग्रामीण भेगसम्म पुर्‍याउन आवश्यक रहेको पौडेलले बताए । "सङ्क्रमित भएपछि जीवन सहजरूपमा चलाउन सकिन्छ, सङ्क्रमितले पनि उपचार अवसर र साथ पाएमा लामो समयसम्म बाँचेर समाज परिवर्तन गर्न सक्छन्", उनले भने ।

# त्रिविको ४९औँ दीक्षान्त 'वर्ल्ड रेकर्ड' प्राप्तिको प्रक्रियामा

**टुडे समाचारदाता**

काठमाण्डु । एकैपटक एकै स्थानमा ठूलो सङ्ख्यामा विद्यार्थी दीक्षित गराएको विषयलाई त्रिभुवन विश्वविद्यालयले 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड' प्राप्तिको प्रक्रियामा अघि बढाएको छ ।

उक्त रेकर्डका सम्बन्धमा विभिन्न प्रकारका सूचना सम्प्रेषण भइरहेका बेला विश्वविद्यालयले यही पुस २ गते त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको ४९औँ दीक्षान्त समारोहमा अफिसियल वर्ल्ड रेकर्डका प्रतिनिधि आएर अवलोकन गरेको र आफूहरूले 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड' प्राप्तिका लागि दाबी गरेको विश्वविद्यालयका सूचना तथा जनसम्पर्क महाशाखा प्रमुख योगेन्द्रप्रसाद दाहालले बताए ।



समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थिति तथा प्रधानमन्त्री एवं कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा भएको उक्त समारोहमा त्रिविका विभिन्न सङ्काय र तहमा उपाधिप्राप्त १२ हजार चार सय १५ विद्यार्थी दीक्षित भएका थिए ।

त्रिविको ६१औँ ग्रेसलिष्टमा परेका ७४ हजार सात सय ४९ विद्यार्थीमध्ये यसपटक १२ हजार चार सय १५ जनाले दीक्षान्त समारोहमा सहभागिताका लागि आवेदन दिएका थिए । निवेदन दिएकामध्ये स्नातक तहतर्फ आठ हजार ९८, स्नातकोत्तर तहतर्फ चार हजार एक सय चार, एमफिलतर्फ ४४ तथा विद्यावारिधितर्फ एक सय १२ विद्यार्थी दीक्षित भएका थिए । गत वर्ष १० हजार तीन सय विद्यार्थी दीक्षान्त समारोहमा सहभागी भएका थिए ।

# श्रीलङ्काका विदेशमन्त्री नेपाल भ्रमणमा

**टुडे समाचारदाता**

काठमाण्डु । श्रीलङ्काका विदेशमन्त्री एमयुएम अली साब्री चारदिने औपचारिक भ्रमणमा बुधबार नेपाल आएका छन् । नेपाल-श्रीलङ्का संयुक्त आयोगको पहिलो बैठकमा सहभागी हुन विदेशमन्त्री साब्री नेपाल आएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

यही पुस ५ र ६ गते काठमाडौँमा आयोगको बैठक हुँदैछ । विभिन्न मन्त्रालयका अधिकारी सम्मिलित नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले गर्नेछ । साथै दुई विदेशमन्त्रीले छुट्टाछुट्टै भेटवार्ता पनि गर्नेछ ।

भ्रमणका क्रममा श्रीलङ्काका विदेशमन्त्री साब्रीले राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग शिष्टाचार भेट गर्नुहुने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ । उनी पुस ७ गते काठमाडौँबाट कोलम्बोका लागि प्रस्थान गर्नेछ ।




### माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/०८/२५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : ज्योती कुमारी गिरी**
**सिम्बोल नं.: २१७०२३७४**
**रजिष्ट्रेशन नं.:७३१७१४०५५**
**ठेगाना:जि.ध. जनकपुरधाम उ.म.न.पा.-१४, रजौल**
**मो.नं. ९८१८६०३४२१**

### माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/०८/२१ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : सुमन कुमार मण्डल**
**सिम्बोल नं.: २१७००५८८**
**रजिष्ट्रेशन नं.:७८२१७००९०२३२**
**ठेगाना:जि.ध. जनकपुरधाम उ.म.न.पा.-८, बाल्मिकी नगर**
**मो.नं.९८१२१३७२७२**

### मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जनकपुरधाम उपमहानगरपालिका, वार्डनं. ४, कटैया चौरी स्थित घर अगाडि पार्किङ्गबाट मिति २०८०/८/२९ गते करिब दिउँसो ३:४५ बजे प्रदेश २-०२-००५ प ५६२३ नम्बरको कालो र ब्लु रंगको ईन्जिन नं. DKXCMH29041 चेचिस नम्बर MD2A13EX1MCH94839 को बजाज कम्पनीको Pulser 220 cc हुलास फिन सर्भ लि., टेकुको नाउँमा दर्ता रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।


**नामः अजित कुमार मिश्र**
**ठेगानाः जनकपुरधाम उ.म.न.पा.-४, कटैया चौरी**
**मो. नं. ९८४४१६०७०७**


## तपाईको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| बृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



दाङको राप्ति गाउँपालिका-३ स्थित खुरुरियाका स्थानीयवासीले गाईवस्तुलाई खुवाउन सुरक्षित गरेर राखेको पराल । *तस्बिरः रासस*

# आठ वर्षसम्म उद्योग सञ्चालन नगरेपछि सम्झौता रद्द

**टुडे समाचारदाता**

हेटौँडा । हेटौँडा औद्योगिक क्षेत्रका चारवटा उद्योग सञ्चालनका लागि गरिएको सम्झौता लामो समयसम्म कार्यान्वयन नभएपछि रद्द गरिएको छ । हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जग्गा सम्झौता गरेको आठ वर्षसम्म पनि उद्योग स्थापना नगर्ने चार उद्योगको सम्झौता रद्द गरेको हो ।




हेटौँडाऔद्योगिकक्षेत्रव्यवस्थापन कार्यालयका क्षेत्र व्यवस्थापक भोजराज बिनाडीले सनराइज कन्टेनर्स प्रालि, नाथ फुड्स इण्डष्ट्रिज प्रालि, लक्ष्मी पेन्ट्स प्रालि र बिवाइएस हेटौँडा प्रालिसँग गरिएको सम्झौता रद्द गरिएको जानकारी दिए ।

उनका अनुसार सनराइज कन्टेनर्सले प्लाष्टिकका वस्तु, नाथ फुड्स इण्डष्ट्रिजले बिस्कुट तथा बेकरी, लक्ष्मी पेन्ट्सले वाल पुटिङ, रङरोगन र बिवाइएस हेटौँडाले विभिन्न प्रकारका फ्ल्याट, एङ्गल फाइल, कम्बिनेसन प्लायरलगायत औजार उत्पादन गर्नेगरी उद्योग सञ्चालनका लागि जग्गा भाडामा लिन सम्झौता गरेका थिए । जग्गा ओगट्ने तर उद्योग सञ्चालनमा नल्याउने भएपछि सम्झौता रद्द गर्न बाध्य भएको उनले बताए । सम्झौता रद्द हुँदा ३० रोपनी औद्योगिक क्षेत्र कार्यालयको मातहतमा आएको उनले जानकारी दिए ।

सम्झौता भएको छ महिनाभित्रमा आवश्यक संरचना निर्माण गरी दुई वर्षभित्रमा उद्योग सञ्चालनमा ल्याइसक्नुपर्ने र सञ्चालनमा ल्याउन नसकेमा दुई पक्षबीच भएको सम्झौता स्वतः रद्द हुने उल्लेख थियो । समयसीमा सकिएको अवस्थामा पटक-पटक उद्योगका सञ्चालकलाई अनुरोध गर्दा पनि वास्ता नगरिएका कारण सम्झौता खारेज गर्नुपरेको कार्यालयले जनाएको छ ।

# बालविवाह गराएको आरोपमा पाँचजना पक्राउ

**टुडे समाचारदाता**

नवलपरासी । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को कावासोती नगरपालिका-१० मा बालविवाह गराएको आरोपमा प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बेहुली, बेहुला, बेहुलीकी आमालगायत छन् ।



जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक साजनकुमार शर्माका अनुसार स्थानीय ४० वर्षीय पुरुषसँग १६ वर्षीया बालिकाको विवाह गराएको आरोपमा पाँच जनालाई मङ्गलबार राति पक्राउ गरिएको हो । "बालविवाह गराएको सूचनाका आधारमा विवाह गर्ने र गराउनेलाई पक्राउ गरी कारबाही प्रक्रिया अगाडि बढाएका छौँ", उनले भने । छोरीलाई दबाब दिएर विवाह गराउने आमा, बालिकाका दुई सानीआमा, सानोबुवा र विवाह गर्नेलाई पक्राउ गरी १० दिनको म्याद थप गरी अनुसन्धान थालिएको प्रहरी निरीक्षक शर्माले जानकारी दिऐ ।

गत मङ्सिर २९ गते बालिकालाई उनकी सानिआमाको घर लगेर दबाब दिएर विवाहका लागि मन्जुर गराइएको प्रहरी कार्यालयमा उजुरी परेको थियो । उक्त उजुरीका आधारमा पाँचै जनालाई पक्राउ गरिएको प्रहरी निरीक्षक शर्माले बताए । पक्राउ गरिएकामाथि मुलुकी फौजदारी अपराधसंहिता, २०७४ को दफा १७३ बमोजिम कारबाही प्रक्रिया थालिएको उनले बताए । उक्त दफाअनुसार जबर्जस्ती बालविवाह गर्ने गराउनेलाई तीन वर्ष कैद र रु ३० हजार जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था छ ।


# अझै कायम छ धामी-झाँक्री प्रथा

**टुडे समाचारदाता**

सिन्धुली । जिल्लाका ग्रामीण बस्तीमा मात्र होइन, सदरमुकाममा पनि धामी-झाँक्रीप्रति अझै विश्वास कायमै छ । बच्चाहरू रोइराख्यो भने गाउँका धामी-झाँक्री वा बूढापाकाबाट फुक्न लगाउनेदेखि लगान भयो भन्दै धामी-झाँक्रीकामा पुग्ने चलन गाउँमा मात्र होइन, सहरमा अझै पनि कायमै छ ।

गाउँमा स्वास्थ्य चौकी, पालिकामा पालिकास्तरीय अस्पताल र जिल्ला अस्पतालमा पनि निको नभएका बिरामी धामी-झाँक्रीले निको पार्ने गरेको भन्दै उनीहरूप्रतिको विश्वास बढेको हो । अस्पतालमाम ठूलो धनराशि खर्च गरेर उपचार गराउँदा पनि बिरामीलाई निको नभएपछि निराश भएका बिरामीका आफन्त अन्तिम विकल्पका रूपमा तान्त्रिककामा उपचारका लागि पुग्ने गर्छन् ।

अस्पताल, औषधि र आधुनिक प्रविधिको उच्चतम प्रयोग भइराखेको अहिलेको परिवेशमा पनि धामीझाँक्रीमा विश्वास गरेर कैयौँ बिरामी उपचारका लागि पुग्ने गर्दछन् । लिखु तामाकोशी गाउँपालिका-७ निवासी प्रतीक बोहरा




व्यावसायिक धामी-झाँक्री छन् । आफ्ना जुजुबाजे, बाजे र बुवा सबैले यही काम गरेका र आफ्नो शरीरमा पनि सानै उमेरदेखि झाँक्री चढेकाले यही पेसा गर्दै आएको उहाँ बताउछन् । बोहोरा आफ्नो गृह वडा, पालिका र जिल्लाका साथै बेलाबेलामा सेवा गर्नाका साथै काठमाडौँको स्वयम्भू कारखाना चोकमा धामी-झाँक्री आश्रममा बसेर सेवा पुर्याउँदै आएका छन् ।

उनी भन्छन्, "काम्ने, छोप्ने र एक्कासी बेहोस भएर ढल्ने बिरामी आउनुहुन्छ, उनीहरूको सेवाभावले उपचार गर्ने हो ।" बोहोराका अनुसार धामी-झाँक्री र माताको नाममा मनपरी शुल्क लिएर सर्वसाधारणलाई ठग्ने प्रचलन गतल हो यस्ता गतिविधि गर्नेलाई राज्यले कानुनी दायरामा ल्याउनुपर्छ ।

यसरी ठगी गर्नेको पहिचान गर्न नेपाल झाँक्री सङ्घले अनुगमन टोली बनाएको पनि उनको भनाइ छ । परम्परा र संस्कार संरक्षणका लागि यो काम गर्नुपर्नेमा बोहोरा जोड दिन्छन् । उहाँ धामी, झाँक्री र माताले मनपरी शुल्क लिने गरेको र यसखाले ठगी नियन्त्रणका लागि धामी-झाँक्री सङ्घको अनुगमन टोली बेलाबेलामा आउनुपर्नेमा जोड दिन्छन् ।

"यो व्यवसाय होइन, संस्कारका रूपमा विकास हुनुपर्छ", बोहरा भन्छन् । विकृतिका रूपमा फैलिँदै गएको धामी-झाँक्रीको साखमाथि असर पर्ने काम गर्नेहरूलाई नियमनका लागि पनि देशैभरका झाँक्रीलाई एउटै संस्थामा ल्याउनुपर्ने उनको भनाइ छ । पहिले कुन जमिनमा घर बनाउँदा राम्रो हुने, कतापट्टि फर्काउने, मूलढोका कता राख्ने र प्रकृति पूजनको सबै काम र त्यसको शुभसाइत झाँक्रीले नै गर्ने गरेको बोहोरा बताउछन् ।

मानवीय विकाससँगै अस्पतालबाट गरिने उपचारलाई पनि प्राथमिकता दिनुपर्ने भन्दै उनी सकेसम्म बिरामीको निःशुल्क सेवा गर्न झाँक्रीहरू एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिन्छन् । अस्पताल धाउँदाधाउँदै निको नभएका बिरामी पनि आफूले तान्त्रिक विधिबाट उपचार गरेर निको पारेको मन्थली नपा वडा नं ७ का तान्त्रिक विशेषज्ञ केदारप्रसाद ढुङ्गेल बताउछन् ।

# प्रभावित क्षेत्रका पत्रकारलाई सहयोग

**टुडे समाचारदाता**

काठमाण्डु । भूकम्प प्रभावित क्षेत्र रुकुमपश्चिमका पत्रकारलाई पत्रकार महासङ्घले आर्थिक सहयोग गरेको छ । गत कात्तिक १७ गते राति गएको भूकम्पबाट प्रभावित भएका पत्रकारलाई बुधबार पत्रकार महासङ्घको केद्रीय टोलीले जिल्ला सदरमुकाम मुसिकोट खलङ्गामा पुगरे रू चार लाखको चेक हस्तान्तरण गरेको हो ।

महासङ्घका वरिष्ठ उपाध्यक्ष रमेश विष्ट, महासचिव रोसन पुरी, कोषाध्यक्ष कलेन्द्र सेजुवालले पत्रकार महासङ्घका जिल्ला अध्यक्ष लक्ष्मण केसीलाई चेक हस्तान्तरण गरे । प्रभावित क्षेत्रका पत्रकारलाई आर्थिक रुपमा थोरै भए पनि सहयोग पुगोस् भन्ने उद्देश्यले महासङ्घले सङ्कलन गरेको रकम हस्तान्तरण गरिएको महासचिव पुरीले जानकारी दिए । भूकम्प गएदेखि प्रभावित क्षेत्रमा खटिने पत्रकारको बारेमा जानकार रहेको बताउँदै उनले आउँदा दिनमा थप सहयोग गर्न

> महासंघको टोलीले भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिममा समान रु चार/चार लाख आर्थिक सहयोग गरेको जनाएको छ ।

महासङ्घ तयार रहेको बताए ।

प्रभावित क्षेत्रका पत्रकारको आवश्यकता आधारमा क्षमता विकास तालिम, आवश्यक समन्वय गर्न महासङ्घ सधैँ साथमा रहेको वरिष्ठ उपाध्यक्ष विष्टले बताए । प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिमको पत्रकारिता पेसालाई थप अगाडि बनाउन यहाँबाट फर्केर महत्त्वपूर्ण निर्णय गर्ने उनको भनाइ थियो । उनका अनुसार प्रभावित पत्रकारलाई न्यायोचित ढङ्गले रकम वितरण गर्न पत्रकार महासङ्घ रुकुम पश्चिमलाई आग्रह गरिएको छ ।

महासङ्घबाट प्राप्त भएको रकम न्योयोचित ढङ्गले वितरण हुने जिल्ला अध्यक्ष केसीले बताए । उनका अनुसार प्राप्त भएको रकम वितरण गर्न कार्यदल निर्माण गरिएको र कार्यदलको निर्णय अनुसार केही दिनभित्र वितरण गरिने छ । महासङ्घको टोलीले भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिममा समान रू चार/चार लाख आर्थिक सहयोग गरेको जनाएको छ ।

# हात्तीको आक्रमणबाट कार्यालय सहयोगीको मृत्यु



**टुडे समाचारदाता**

झापा । जङ्गली हात्तीको आक्रमणमा परी झापामा आज वडा कार्यालय सहयोगीको मृत्यु भएको छ । हात्तीको आक्रमणबाट हल्दिबारी गाउँपालिका-२ का कार्यालय सहयोगी ५५ वर्षीय पाथल राजवंशीको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक ढुण्डीराज गिरीका अनुसार बिहानै घुम्न निस्किएपछि राजवंशी सम्पर्कविहीन भएका थिए । घर नफर्किएपछि परिवारका सदस्यहरुले उनको खोजी गर्दा घर नजिकैको नालामा मृत फेला परेका थिए ।

जिल्ला वन डिभिजन कार्यालय र प्रहरीको टोलीले घटनाबारे अनुसन्धान गरिरहेको छ । राजवंशीको शव परीक्षणका लागि मेची प्रादेशिक अस्पताल लगिएको छ । गत मङ्सिरमा पनि हल्दिबारी र दमकमा हात्तीको आक्रमणबाट दुई जनाको मृत्यु भएको थियो ।

# मेलम्चीको पानी चाँडै काठमाडौँ ल्याउने तयारी

**टुडे समाचारदाता**

काठमाण्डु । मेलम्ची खानेपानी विकास समिति पानीपोखरीले अबको २८ दिनभित्रमा काठमाडौँमा मेलम्चीको पानी ल्याउने तयारी भइरहेको जनाएको छ ।

आयोजना र ठेकेदार कम्पनीबीच सहमति भएकाले २८ दिनभित्र पानी पथान्तरण गरिसक्ने गरी तयारी थालिएको समितिका प्रवक्ता राजेन्द्रप्रसाद पन्तले जानकारी दिए । आकस्मिक परिस्थिति पर्न नआएको अवस्थामा निर्धारित समयभित्र काठमाडौँका घरघरमा मेलम्चीको पानी पुग्ने उनको भनाइ थियो ।

समितिले एक विज्ञप्ति प्रकाशित गरी खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्यको अध्यक्षतामा बसेको बोर्ड बैठकबाट निर्माण व्यवसायीसँग समझदारीपत्रमा हस्ताक्षर गरी तत्काल निर्माण क्षेत्रमा परिचालनका लागि आवश्यक सहजीकरण र समन्वय गर्ने निर्णय भएको उल्लेख गरेको छ ।"सहमति अनुसार निर्माण व्यवसायी तत्कालै निर्माण क्षेत्रमा परिचालन हुनेछ ।

अबको २८ दिनको द्रुत कार्यतालिका अनुसार दुई सिफ्टमा जनशक्ति परिचालन गरी पानी पथान्तरणका लागि आवश्यक कार्य सम्पन्न गर्ने गरी काम गरिनेछ", प्रवक्ता पन्तले भने । पथान्तरण पश्चात् मेलम्ची नदीको पानी दैनिक १७ करोड लिटरका दरले उपलब्ध गराइने छ । काठमाडौँ उपत्यका खानेपानी लिमिटेडबाट सुन्दरीजल पानी प्रशोधन केन्द्रमा प्रशोधन गरी उपत्यकामा वितरणका लागि पुनः उपलब्ध हुने उक्त विज्ञप्तिमार्फत जनाइएको छ ।

गत असार ८ गते वर्षायामको जोखिमलाई ध्यान दिएर सुरुङमार्फत् मेलम्चीको पानी सञ्चालन बन्द गरिएको थियो । गत साउन २८ र २९ गते मेलम्चीमा बाढी आएपछि पुनः हेडवर्क्स पुरिएकाले पानी पठाउन समस्या भएको प्रवक्ता पन्तले बताए ।


**मधेश कृषि विश्वविद्यालय**
**राजविराज न.पा.-३, मधेश प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

(प्रकाशित मितिः २०८०/०९/०५)

यस विश्वविद्यालयलको Procurement & Delivery of Lab Equipment for Madhesh Agricultural University (ठेक्का नं. MAU/Saptari/NCB/GOODS–02/2080/081) को लागि बोलपत्रदाताहरुको बोलपत्रको योग्यता, प्राविधिक तथा व्यापारिक पक्षको मूल्याङ्कन गर्दा तपसिलका बोलपत्रदाताहरूको बोलपत्र सार्वजनिक खरिद नियमावली (संशोधन सहित),२०६४ को नियम ३१(ज)को उपनियम(५)बमोजिम सारभूतरूपमा प्रभावग्राही भएकोले मिति २०८०/०९/१२ गते दिनको १:०० बजे विश्वविद्यालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१) BTC Pvt Ltd., BTC Complex Kandevsthan, Kupondole, Lalitpur.
२) JHS Analytic Traders Pvt Ltd., Baluwatar-05, Kathmandu, Nepal
३) Jai Shree Shyam Trading Concern, Kuleshwar, Kathmandu, Nepal
४) Labline Traders Pvt. Ltd., Thapathali-11, Kathmandu, Nepal


# पुस्तकरहित शुक्रबार कार्यक्रमका लागि सूचीकृत हुन आग्रह

**टुडे समाचारदाता**


काठमाण्डु । काठमाडौँ महानगरपालिकाले 'पुस्तकरहित शुक्रबार कार्यक्रम'अन्तर्गत कक्षा १ देखि ८ सम्म व्यवहारिक/प्रयोगात्मक कक्षा सञ्चालन गर्न इच्छुक सङ्घ संस्थालाई विद्यालयमा सूचीकृत हुन आग्रह गरेको छ । इच्छुक सङ्घ संस्थालाई यही पुस ११ गतेभित्र सूचीकृत हुन कामपा शिक्षा विभागले आग्रह गरेको हो ।

कामपा शिक्षा विभागका प्रमुख सीताराम कोइरालाले विद्यार्थीलाई हरेक शुक्रबार केही नयाँ ज्ञान दिने उद्देश्यले विद्यालयमा तालिम प्रदायक सङ्घ संस्थालाई सूचीकृत हुन आग्रह गरिएको जानकारी दिए । उनका अनुसार कामपाले आफ्नो क्षेत्रमा सञ्चालितमध्ये ८१ सामुदायिक विद्यालयमा गत वैशाख १२ गतेदेखि पुस्तकरहित शुक्रबार कार्यक्रम सञ्चालन गर्दै आएको छ । "यसअन्तर्गत हरेक शुक्रबार किताबमा भएका भन्दा फरक र व्यवहारिक ज्ञान दिएर बालबालिकालाई शिक्षा दिनु यस कार्यक्रमको मुख्य उद्देश्य हो", उनले भने ।

चालु आवमा शिक्षाका लागि रू एक अर्ब ३२ करोड नौ लाख ३३ हजार रकम विनियोजन गरेको कामपाले शिक्षामा सीप कार्यक्रमका लागि पनि छुट्टै बजेटको व्यवस्था गरेको कोइरालाले बताए । उनका अनुसार कामपाको माग अनुसार सूचीकृत हुने सङ्घसंस्थाले चालु आर्थिक वर्षको अन्त्यसम्म बिदा र परीक्षाको अवधि कटाएर १५ वटा शुक्रबार लागि शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ । हरेक शुक्रबार छ घण्टाका कक्षा हुनेछन् ।

कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कामपाले बाल समूह गठन गरिसकेको छ । कारागारभित्रका, फरक क्षमता भएका बालबालिका भएका र रात्रिकालीन विद्यालय बाहेक ८१ विद्यालयमा समूह गठन गरिसकिएको प्रमुख कोइरालाले जानकारी दिए । उनका अनुसार शुक्रबारको कार्यक्रमका लागि १५ वटा विषय राखिएका छन् । हरेक विषयलाई एउटा उपसमूह मानिएको छ । यी उपसमूहमध्ये बालबालिका तथा वातावरण र विज्ञान, प्रविधि, इञ्जिनियरिङ, आर्टस र गणित (स्टीम) विषय हरेक विद्यालयका लागि अनिवार्य उपसमूह बनाइएको प्रमुख कोइरालाले बताए ।

उपमूहहरुमा बालबालिका तथा वातावरण, विज्ञान, प्रविधि, इञ्जिनियरिङ, आर्टस र गणित, भित्ते चित्र, संस्कृति र सम्पदा, ट्राफिक व्यवस्थापन, विपद् व्यवस्थापन, नाट्य समूह, व्यक्तित्व विकास, उद्यमशीलता सोच, पठन संस्कार, योग, सङ्गीत तथा नृत्य, ड्रोन, र एनिमेसन रहेका छन् । विद्यार्थीको सत्ं‍या र रुचि, विद्यालयको परिवेश, शिक्षक, प्रधानाध्यापक र सम्बन्धित सरोकारवालाको सुझावका आधारमा यी विषय छनोट गरिएको कामपा शिक्षा विभागले जनाएको छ ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रहार बन्द गर

निरंकुश राजतन्त्रपछि विभिन्न समयमा फेरिएका राजनीतिक घटनाक्रमवाट मधेश आन्दोलनले स्थापना गरेको संघीयतामाथि चौतर्फी प्रहार हुन थालेको छ । संघीयता आएपछि कसैलाई सवैभन्दा बढी फाइदा भएको छ भने त्यो मधेशी जनता नै हो । मधेशीहरुले आफ्ना अधिकारका लागि कैयौं पटक आन्दोलन गरे । सयौं सहादत प्राप्त गरे । सरकारले संविधान जारी गर्दा मधेशको हित हुने खाले नभएकै कारण जारी भएकै दिन मधेशी जनताले संविधानका प्रतिलिपि समेत जलाए । पटक-पटक आन्दोलन भयो फलस्वरुप मुलुकमा संघीयता आयो । प्रदेश र स्थानीय सरकार गठन भयो । तर, अधिकार भने अहिले पनि संघीय सरकारकै मातहतमा छ । प्रदेश सरकारहरुको यो दोस्रो कार्यकाल हो । मधेश प्रदेश सरकारले पहिचानको आधारमा प्रदेशको नामकरण गरे पनि अन्य प्रदेशहरुले पहिचानलाई मेटाउदै आफूखुशी बहुमतको आधारमा नामकरण गरे जसका कारण प्रदेश एकमा अहिले पनि त्यहाका पहिचानवादीहरु आन्दोलित छन् । मधेश प्रदेश सरकारका मुखिया नै संघ सरकारलाई धम्की दिने गरेका छन् । प्रदेश सरकार गठन भए पनि अधिकार भने प्रत्यायोजन गर्न संघ सरकार आनाकानी गर्नुले नै मधेश केन्द्रित दल बाहेक अन्य राजनीतिक दलहरु संघीयताको विरुद्धमै रहेको बुझ्न सकिन्छ । विभिन्न समयमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले संघीयता माओवादी जनयुद्धका कारणले आएको दावी गर्ने गरेका छन् तर, अहिले संघ सरकारमा प्रधानमन्त्री हुँदा समेत अधिकार प्रत्यायोजनमा उनी पनि आनाकानी गरिरहेका छन् । नेकपा एमाले संघीयताको खुलेर नै विरोध गरेका छन् । गत निर्वाचनमा आएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भने संघीयताको विरोध गर्दै प्रतिनिधिसभामा उम्मेदवार दिए पनि प्रदेश सभामा उम्मेदवार नदिनुको कारण नै संघीयता नचाहेको बुझ्न सकिन्छ । कांग्रेस, नेकपा एस लगायतका दलको पनि संघीयताप्रति त्यति रुचि देखिएको छैन् भने अन्तिम समयमा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्गदेनले समेत संघीयताको विरुद्धमा दिएको अभिव्यक्तिले मधेशी जनतालाई बुझ्नुपर्ने के हो भने संघीयता मधेशलाई मात्रै चाहिएको हो ।संघीयता आएपछि मधेशमा व्यापक सुधारको बाटो देख्न पाइएको छ । मधेश आन्दोलनकै कारण सरकारले विभिन्न क्षेत्रमा आरक्षणको व्यवस्था गरेका छन् जसले आज सयौं मधेशी युवाहरु सरकारी जागिरको अवसर पाएका छन् । अधिकांश पालिकाहरुमा मधेशी युवाहरु प्रमुख प्रशासकीय अधिकृत बनेर आएका छन् । त्यो मधेश आन्दोलनको उपलव्धि रहेको भन्न सकिन्छ। विभिन्न राजनीतिक दलहरुको संघीयतामाथिको प्रहारले संघीयता धरापमा रहेको बुझ्न सकिन्छ । केन्द्र सरकारले अधिकार प्रत्यायोजन गर्न नचाहनुले समेत संघीयता धरापमा रहेको कुरालाइ मलजल गरिरहेको छ । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पुस १३ गते सात वटै प्रदेशका मुख्यमन्त्रीको हेटौडामा संघ सरकारबाट अधिकार प्रत्यायोजन सम्वन्धमा छलफल गर्न लागेका छन् । मधेश प्रदेशका मुख्यामन्त्री आफै प्रधानमन्त्री दाहाललाई पटक-पटक अधिकार प्रत्यायोजनकालागि आग्रह गरे पनि सुनुवाई भने हुन सकेको छैन् । मुख्यमन्त्रीले संघ सरकार विरुद्ध आन्दोलन गर्ने समेत धम्की दिए पनि केन्द्र सरकार भने सुन्न तयार रहेको छैन् । मधेशका जनता सवल भएको हेरेर तनावमा रहेका सामन्ती विचारधारकहरु संघीयता नचाहेको बुझ्न सकिन्छ । मुलुकको बजेटको ९८ प्रतिशत केन्द्र सरकार आफैले राख्ने दुई प्रतिशतमा प्रदेश र स्थानीय सरकारलाई बजेट दिने र संघीयता बढी खर्चिलो भयो भन्नु संघीयतामाथि जनतालाई वितृष्णा पैदा गर्नु हो । अधिकार पनि नदिने, विकास निर्माणका लागि बजेट नदिने, काम गर्ने बातावरण वन्न नदिने, कर्मचारी आफ्नै मातहतमा राख्ने अनि संघीयता खर्चिलो र झझटिलो भयो भन्नु अर्थहीन र जनतालाई भडकाउने काम गर्नु मात्र हो ।

# नेकाँ मधेस प्रदेश सम्मेलनले "हिन्दू राष्ट्र" र "समावेशी" को मूल सिद्धान्तलाई आत्मसात गर्न सक्ला ?



प्रफुल्ल कुमार घिमिरे

नेपाली काँग्रेसको बिधान तहत प्रत्येक वर्ष गरिनु पर्ने प्रदेश सम्मेलन पहिलो पटक मधेस प्रदेशको पौष ५ र ६ गते जनकपुर धाममा हुन गैरहेको छ । ५ गते नेपाली काँग्रेसका केन्द्रीय सभापति पुर्व प्रधानमन्त्री श्री शेर बहादुर देउवाज्यूद्वारा उदघाटन हुने सम्मेलन ६ गतेको बन्द सत्रमा प्रदेश कार्यसमितिद्वारा प्रस्तुत गरिएका विषयमा छलफल गरेर निर्णय गर्नेछ । साथै सम्मेलनले प्रदेश संगठन र कार्यसमितिको आवधिक मूल्याकंन गरि आवश्यक निर्देशन दिने र प्रदेश सम्मेलनका प्रतिनिधिहरुले दिएको राय समेत उल्लेख गरि केन्द्रमा प्रतिवेदन पठाउनेछ। वर्तमान परिवेशमा हुन गइरहेको नेपाली काँग्रेसको मधेस प्रदेश सम्मेलन आम नागरिक माझ चासोको विषय बन्न पुगेको छ ।

संघीयता , मिश्रति निर्वाचन प्रणाली , समानुपातिक समावेशीता , हिन्दू राष्ट्र , संबैधानिक राजतन्त्र ,युवा जनशक्तिको बिदेश पलायन , आर्थिक मन्दी लगायत अनेकौं जल्दाबल्दा मुद्दाहरुमा गहन चासो राखेका आम नागरिकलाई कस्तो सन्देश दिने हो सम्मेलन पछि नै थाहा पाइनेछ।

तथापि नेपालको संविधान २०७२ को धारा ४ को उपधारा १ ले नेपाल स्वतन्त्र , अविभाज्य, सार्वभौमसत्ता सम्पन्न ,धर्मनिरपेक्ष समावेशी ,लोकतन्त्रात्मक, समाज्वाद उन्मुख ,संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा आत्मसात गरेको छ। के संविधानले आत्मसात गरेका यी शब्दावलीहरु कार्यान्वयन भएका छन त ? बहसका विषय बन्न पुगेका छन । जोडतोडले उठान भएका सर्वत्र चासोको बिषय " धर्मनिरपेक्ष " र " समावेशी " मुद्दा बन्न पुगेको छ।

धर्मनिरपेक्षका सन्दर्भमा हेर्ने हो भने संबिधानको धारा ४ (१) ले नै स्पष्टीकरणमा .... "धर्मनिरपेक्ष " भन्नाले सनातनदेखि चलिआएको धर्म सँस्कृतिको संरक्षण लगायत धार्मिक ,साँस्कृतिक स्वतन्त्रता सम्झनु पर्छ भन्ने उल्लेखले पनि सनातन धर्म संस्कृतिलाई स्वीकार गरेको छ। सनातन भनेकै हिन्दु धर्म हो भन्ने मान्यता सर्व स्वीकृत नै हो। यसर्थ घुमाउरो पारामा शब्दावली राखेर स्पष्टीकरण दिई राख्नु भन्दा संविधान संशोधन मार्फत "हिन्दू राष्ट्र " राख्ने कुरालाई सबैले यस सम्मेलनबाट आत्मसात गर्नु सक्नुपर्छ ।

"समावेशी " को सन्दर्भमा हेर्ने हो भने नेपाली काँग्रेसले समावेशीको शब्दलाई प्रयोग नगरेता पनि स्थापना काल देखि नै समावेशीता समानुपातिक मुल मर्मलाई आत्मसात गरेको देख्न पाइन्छ । २००९ सालमा भएको नेपाली कांग्रेस महाधिवेशनले महामन्त्रीमा दलितका धनमान सिंह परियार लगायत सबै क्षेत्र जातीयका नेतृत्व स्थापित गर्न पुगेको थियो । पार्टीको संरचना होस वा २०१५ सालको आम निर्वाचन पश्चात् २०१६ साल असार १६ गते बिपि कोइरालाको नेतृत्वमा बनेको नेपाली कांग्रेसको सरकारलाई हेर्ने हो भने उक्त समयमा समेत भौगोलिक ,जातिय, भाषिक लैङ्गिक दृष्टिले अत्यन्तै समावेशी र सहभागिता मुलक थियो। सहभागिता मूलक कुरामा सन्तुलन कायम राखेर समानुपातिक समावेशीताका सिद्धान्त लाई अङ्गिकार गरेको देखिन्छ। जन नायक बिपि कोइरालाले अख्तियर गरेको कुरालाई २०४८ को जन आन्दोलन पश्चात् नेपाली काँग्रेसले आत्मसात नगरीदिंदा माओवादीले २०५२ सालमा उत्थान गरेको जन युद्धले पूर्ण रुपमा मलजल पायो भन्दा कुनै अनुपयुक्त नहोला । यदि समयमै नेपाली काँग्रेसले हरेक बर्ग समुदाय क्षेत्र भाषा भाषी, धर्म, लिङ्ग को अधिकार प्राप्तिको नाउँमा उत्थान हुने गरेका आन्दोलनहरु सम्भवत निष्क्रिय नै हुन्थ्यो होला । खैर अहिले त मूलुकले संविधानत, नेपाली काँग्रेसले बिधानत समावेशी समानुपातिक सहभाग्ता मुलक सिद्धान्तलाई अङ्गिकार गरि सकेको छ। तथापि सो सिद्धान्तको मुल मर्म भनौं उद्देश्य अनुसार संगठन भित्र तथा राज्यका संयन्त्रहरुमा कार्यान्वयन हुन सकेको छ त ? आज यस सन्दर्भमा छलफल गरेर नेपाली काँग्रेसलाई सबै बर्ग ,समुदाय , भाषाभाषी , धर्म, लिङ्ग , क्षेत्रको नेतृत्वदायी प्रतिनिधित्व गराउदै सबैले स्वामित्व लिने सक्ने , अपनत्व महसुस गर्न सक्ने , आ-आफ्ना पहिचान सहित सबै जात जाती,भाषाभाषी ,धर्म, क्षेत्रकाले बाहुल्यता , पहुँच ,पैसा ,नातागोताको आधारमा नभएर न्यायोचित रुपमा पाउनुपर्ने अधिकारका लागि अवाज घन्काउनु पर्ने अवस्थाको सिर्जना भएकोले सवैजनाले यस विषयमा छलफल गरेर एउटा सुनिस्चित मार्ग तय गर्नुपर्ने भएको छ ।

यसै सन्दर्भमा संविधानमा,एन, कानुनमा , दलगत बिधानमा लेखिएका लच्छेदार कर्णपृय शब्दावलीले मात्र पुग्दो रहेनछ त्यसलाई इमान्दारीका साथ उद्देश्य अनुरुप कार्यान्वयन गर्न सक्नुपर्छ । नेपाली कांग्रेसले गर्नुपर्ने दायित्वबाट पन्छिएको छ। त्यसर्थ नेपाली काँग्रेसका नेतृत्वहरुलाई ध्यानाकर्षित गर्दै सहि मार्गमा डोऱ्याउन दवाब दि नेपाली काँग्रेसको संगठनलाई सुदृढ पारेर अगाडि बढनु पर्ने आजको आवश्यकता हो।

यसैले नेपालका संविधान एवं मधेस प्रदेशका सन्दर्भ मा - नेपालको संविधान २०७२ राष्ट्रपति डा.रामबरण यादवले २०७२ आश्विन ३ गते घोषणा गरिएको नेपालको संविधान २०७२ को प्रस्तावनामा " …………वहुजातीय,बहुभाषिक , बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरि विविधताबीचको एकता ,समाजिक सांस्कृतिक एक्यवद्धता ,सहिष्णुता र सद् भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै ; वर्गीय ,जातीय ,क्षेत्रीय ,भाषिक ,धार्मिक ,लैंगिक विभेद र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै ;

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्थाको माध्यमद्वारा दिगो शान्ति ,सुशासन ,विकास र समृद्धिको आकांक्षा पूरा गर्न सविधानसभा सभाबाट पारित गरि संविधान जारी गर्दछौं भनेर प्रतिबद्धता व्यक्त गरेको छ।

उक्त प्रतिबद्धता हुनत मुलुकमा विभिन्न कालखण्डमा भएको विभिन्न राननितिक एवं अधिकार प्राप्तिका आन्दोलन , संघर्षको उतार चढावमा वर्गीय ,जातीय , क्षेत्रीय , भाषिक , धार्मिक , लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूत अन्त गरी आर्थिक समानता ,समृद्धि र समाजिक न्याय सुनिश्चितता गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणका लागी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सम्म आज मूलुक आइपुगेको हो । समाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प नेपालको संविधान २०७२ ले आत्मसात गरेको छ ।

वर्षौं देखि बहिष्करनमा परेका आदिवासी जनजाति , दलित , मुस्लिम , महिला र मधेसी , खस आऱ्य समुदायका प्रत्येक जातजातिहरुलाई राज्यका प्रत्येक अङ्गहरुमा समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने मर्मलाई स्वीकार गर्दै नेपालको संविधान २०७२ को धारा ५६ को उपधारा १ अनुसार पुर्ववत रहेका नेपालको तत्कालीन संरचनालाई परिवर्तन गर्दै नेपालको संरचनालाई संघ , प्रदेश , र स्थानीय गरेर तीन तहमा विभाजन गर्दै संघीय तथा प्रदेश व्यवस्थापिकामा समानुपातिक प्रतिनिधित्व गराउन मिश्रति निर्वाचन प्रणाली अवलम्बन गरिएको हो ।

मिश्रीत निर्वाचन प्रणाली अनुसार साठी प्रतिशात पहिलो हुने अर्थात प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा प्रतिनिधि निर्वाचित हुने र बाँकी रहेको चालीस प्रतिशतमा समानुपातिक आधारमा राजनीतिक दलहरूले प्राप्त गरेको मत भारका आधारमा




राजनीतिक दलहरूले सिफारिस गरेको बन्द सूचिबाट हरेक समुदाय, वर्गबाट प्रतिनिधि चयन गरि प्रतिनिधित्व गराउन यो समानुपातिक प्रणाली अवलम्बन गरिएको हो।

यस समानुपातिक प्रणालीको उद्देश्य वर्गीय , जातीय , क्षेत्रीय , भाषिक , धार्मिक , र लैङ्गिक रूपमा पछाडि परेका वा पारिएकाहरु जो प्रत्यक्षमा प्रतिस्पर्धा गरेर निर्वचित हुन सक्दैनन तिनीहरुलाई प्रतिनिधित्व गराउनु हो । तर लोकतन्त्रका पक्षधर लोकतान्त्रिक आन्दोलनको पर्याबाचीको रुपमा रहेको नेपाली काँग्रेसले समानुपातिक प्रतिनिधित्व गराउने नेपालको संविधान २०७२ को मर्मलाई आत्मसात गर्न सकेको छैन ।

२०७४ र २०७९ सालमा सम्पन्न निर्वाचनमा समानुपातिक तर्फबाट नेपाली काँग्रेसले प्रतिनिधित्व गराएको अनुहारहरु हेर्ने हो भने आदिवासी जनजाति , दलित, महिला , मुस्लिम मधेसी, खस आर्य समुदाय अन्तर्गत रहेका विभिन्न जातजातिलाई वञ्चित गर्दै पहुँचका आधारमा प्रत्यक्ष निर्वाचनमा प्रतिस्पर्धा गर्न सामर्थ्य रहेका जाती , बर्ग , व्यक्तिलाई बिशेष प्राथमिकता दिदै समानुपातिक प्रतिनिधित्व समावेशीकरणको मुल सिद्धान्त विपरीत प्रतिनिधित्व गराइएका कुरा छर्लङ्ग नै छ ।

समावेशकरणको मुल लक्ष्य त राज्यको मूलधारमा समावेश हुन नसकेका विभिन्न समुह , वर्ग , सम्प्रदाय , जातजाति , धर्म, लिंग र भाषाभाषीक व्यक्तिहरुलाई राज्यको मूलधारमा समावेश गरि शक्ति ,स्रोत र अवसरहरुमा सुनिश्चित गर्नु हो। न कि कसैलाई वाहुल्यता र कसैलाई शुन्यता! कसैलाई राज्यको संरक्षण र कसैलाई वेवास्ता । कसैलाई अवसरै अवसर र कसैलाई भेदभाव न भैइ राज्यको साधन, श्रोत र अधिकारमा समतामूलक पहुँच , पूर्ण सहभागिता ,विविधताको स्वीकृति ,समान व्यबहार गर्नु नै समावेशीकरण हो । राज्य शक्तिमा समान पहुँच र लाभ वितरणमा समान सहभागिता नै यसको मुख्य उद्देश्य हो। तर यस उद्देश्यका ठिक विपरीत राष्ट्रिय पहिचान बनाएका नेताहरुलाई नै व्यवस्थापन गर्न, यिनका नातागोता , जाति र पैसाका बिटो भएकाहरुलाई नै समावेशीकरणको नाउमा समानुपातिक प्रतिनिधित्व नेपाली काँग्रेस जस्तो लोकतान्त्रिक राजनीतिक दलले नै गराउनु लज्जास्पद देखिएको छ। जब राजनीतिक दलको यस्तो हाल छ भने निर्वाचन आयोगको त के कुरा गर्नु !

निर्वाचन आयोगले पनि निर्धारण गरेका नीति हचुवाका भरमा तय गरेको छ। जहाँ जुन तहमा जुन बर्ग समुदाय जातजातिको प्रतिनिधित्व हुन सक्दैन ती तहहरुमा राष्ट्रिय सभा , प्रतिनिधि सभामा र प्रदेशहरुको बनोटको आधारमा प्रतिनिधित्व गराउने नीति कार्यान्वयन गरिनु पर्छ । प्रतिनिधि सभामा समानुपातिक तर्फका आदिवासी दलितको प्रतिनिधित्व मधेसी समुदायका नगन्य रुपमा रहने गरेका छन । पहाडे आदिवासी जनजातिहरु प्रत्यक्ष निर्वाचन प्रणालीबाट प्रतिनिधि सभामा राम्रै उपस्थिति रहेको छ भने मधेसी समुदायका आदिवासी जनजातिहरु प्रत्यक्ष चुनावमा उत्रिन सामर्थ्य राखेका छैनन् । मधेसी समुदाय अन्तर्गत

नेपाल सरकार मन्त्री परिषदद्वारा २०६५ साल माघ २१ गते सुचिकृत गरिएको भनी कान्तिपुर दैनिक पत्रीकामा २०६५ फागुन १४ गते " को को हुन मधेशि " शिर्षकका अनुसार लगभग ९२ जात जातिको उल्लेख गरेको छ। मन्त्री परिषदद्वारा सूचिकृत गरिएका बाहेक मदेशी मूलका अन्य ७१ जात जाती सूचिकृत हुनबाट छुटेको भनेर मधेसी आयोग द्वारा प्रकाशित " नेपाल मधेसी समुदायको थर सूचिकरण अध्ययन प्रतिबेदन २०७८ " मा उल्लेख रहेको छ।

मधेसी मूल अन्तर्गत रहेका जातजातिहरु मध्येबाट तत्कालीन दलित आयोगले तयार पारेको र नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरबार काठमाडौले २०७४ बैशाख १७ गते " दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचनामा मधेसी मूलका दलित समुदाय अन्तर्गत १९ वटा जातहरु र त्यसका थरहरुलाई आधार बनाएको छ।

मधेसी समुदाय अन्तर्गत रहेका थारु र मुस्लिम समुदायका अलगअलग आयोग समेत गठन भएको अलग्गै आरक्षणको व्यवस्थापन गरिएको छ।

यसरी हरेक जातजाति अन्तर्गत रहेका विभिन्न थरबाट सहभागिता मुलक समावेशी समानुपातिक सिद्धान्तका आधारमा प्रत्येक वर्ग समुदायमा पछाडी परेकाहारुलाई राज्य मूल प्रवाहमा समावेश गराउने नीति तथा कार्यक्रम ल्याइ नेपाली कांग्रेस ले कार्यान्वय गर्नुपर्छ । प्रदेशहरुको बनोटको आधारमा र प्रतिनिधि सभा तथा संगठनका निकायहरूमा बहुसंख्यक रुपमा रहेका जो प्रत्यक्षबाट नै निर्वाचित भएर आउदछ्न तिनीहरुलाई नै समावेशिताको नाउँमा अवसर प्राप्त हुनु न्याय संगत देखिदैन । सो हुनाले निर्वाचन आयोग को पनि नियमलाई सच्चाउन तथा काँग्रेसका बिधान तथा नियमावलीलाई पनि सच्चाउन तर्फ ध्यान पुराउनु पर्छ।

हुनत अल्पसंख्यक अन्य थरका जातजाति हरुलाई समावेशी समानुपातिक प्रतिनिधित्व गराउन संविधानको भाग १ को धारा ४ को उपधारा १ मा " नेपाल स्वतन्त्र ,अविभाज्य ,सार्वभौमसत्ता सम्पन्न ,धर्मनिरपेक्ष, समावेशी ,लोकतन्त्रात्मक, समाजवाद उन्मुख ,संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनेर समावेशीताको पनि उल्लेख्य गरेको छ।

संविधानको भाग ५ को धारा ५६ को उपधारा ६ मा संघ , प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता , सार्वभौमसत्ता , भौगोलिक अखण्डता , स्वाधीनता , राष्ट्रिय हित , सर्वागीण विकास , बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली ,मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य , शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन , बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने छन।" भनेर यश उपधारामा पनि समानताम आधारित समतामूलक समाज ,समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने कुरामा विशेष जोड दिएमो छ ।

भाग ७ को धारा ७६ को उपधारा ९ मा " राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्री सहित बढिमा पच्चीस जना मन्त्री रहेको मन्त्री परिषद गठन गर्नेछ ।" भनेर यहाँ पनि समावेशीता को सिद्धान्त माथी जोद दिएको छ ।

संविधानको भाग ८ को धारा८४ को उपधारा २ मा " समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागी राजनीतिक दलले उम्मेदवारी दिंदा जन संख्याको आधारमा महिला ,दलित,आदिवासी जनजाति ,खस आर्य, मधेसी , थारु ,मुस्लिम ,पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यबस्था संघीय कानून बमोजिम हुनेछ ।त्यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ" भनेर उल्लेख रहेको छ। संविधान को भाग १३ को धारा १६८ को उपधारा ९ मा " प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्य मध्येबाट समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्री सहित प्रदेश सभाका कुल सदस्य संख्याको बीस प्रतिशत भन्दा बढी नहुने गरि प्रदेश मन्त्री परिषद गठन गर्नेछ। भनेर भनेको छायश धारामा पनि समाबेशी सिद्धांत माथी जोड दिएको छ।

संविधानको भाग १४ को धारा १७६ को उपधारा ६ मा " समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनकालागी राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला ,दलित ,आदिवासी जनज,,खस आर्य,मधेसी ,थारु, मुस्लिम ,पिछडिएको क्षेत्र ,अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यबस्था संघीय कानून बमोजिम हुनेछ त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ ।" भनेर भनेको छ। तर मधेस प्रदेश सभामा खस आर्य लगायत अन्य प्रदेश सभा सदस्यमा २०७४/ २०७८ को बन्द सुचिमा नाम समावेश भएता पनि निर्वाचन आयोगको समावेशी सिद्धान्तको बिपरित नितिले गर्दा हाल सम्म नेपाली कांग्रेस बाट प्रतिनिधित्व हुन सकेको छैन ।

नेपाली कांग्रेसको बिधान तर्फ हेर्ने हो भने बिधानत विभिन्न कमिटीमा बिधानले अनिवार्य लागु गर्नुपर्ने भनेर प्रावधान राखेता पनि यसको पालना हुनसकेको छैन । 'गाउँपालिका वडा अधिवेशन, गाउँपालिका वडा कार्यसमिति, गाउँपालिका वडा सम्मेलन गर्दा महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रबाट ६ जना, वडाको जनसंख्याको बनोट अनुसार तोकिए बमोजिम समानुपातिक आधारमा सदस्य निर्वाचित गर्नेछ,' भन्ने प्रावधान राखिएको छ ।

त्यसै गरी गाउँपालिका वडा कार्यसमितिको सभापतिले कार्यसमितिमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था, समावेशी सिद्धान्त र अपाङ्गता भएका वा अल्पसंख्यकको प्रतिनिधित्व समेतलाई ध्यानमा राखी क्रियाशील सदस्यमध्येबाट कार्यसमितिको कुल संख्याको २० प्रतिशत सदस्य मनोनित गर्न सक्ने कांग्रेसको विधानमा उल्लेख छ ।

गाउँपालिका वडा क्षेत्रबाट क्षेत्रीय प्रतिनिधिको निर्वाचन गर्दा महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रबाट प्रत्यक्ष निर्वाचित हुने सदस्य संख्याको दुई तिहाइ संख्यामा वडाको जनसंख्याको बनोट अनुसार समानुपातिक आधारमा तोकिए बमोजिम प्रतिनिधि निर्वाचित गर्ने प्रावधान पार्टीको विधानमा नै राखिएको छ । माथि उल्लेख गरिएको प्रावधान अनुसार नै नगरपालिका,उपमहानगरपालिकामा पनि प्रतिनिधित्व गराउनु पर्ने पार्टीको विधानमा उल्लेख छ । नगरपालिका वडा अधिवेशनले आफू मध्येबाट कम्तिमा चार महिला सहित १२ जना प्र्रत्यक्ष तथा महिला, दलित, आदिवासी जनजाती, खसआर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रबाट आठ जना सदस्य, वडाको जनसंख्या बनोट अनुसार तोकिए बमोजिम समानुपातिक आधारमा निर्वाचित गर्ने उल्लेख छ ।

नगरपालिका वडा कार्यसमितिको सभापतिले कार्यसमितिमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था, अपाङ्गता भएका र अल्पसंख्यक, समावेशी सिद्धान्त समेतलाई ध्यानमा राखी क्रियाशील सदस्य मध्येबाट कार्यसमितिको कुल संख्याको २० प्रतिशत सदस्य मनोनित गर्ने पार्टी विधानमा उल्लेख छ ।

यसरी हेर्ने हो भने वडा, गाउँ, नगर, हँदै प्रदेश सभा क्षेत्रीय अधिवेशन, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय सम्मेलन, प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन, केन्द्रीय महाधिवेशन प्रतिनिधि, केन्द्रिय महासमिति सदस्य, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय सम्मेलन, जिल्ला अधिवेशन, जिल्ला कार्यसमिति, जिल्ला सम्मेलन सबैमा समानुपातिक सिद्धान्तको आधरमा समावेश गर्नुपर्ने कुरा पार्टीको विधानमा उल्लेख छ । त्यसै गरी प्रदेश अधिवेशन, प्रदेश सम्मेलन, प्रदेश कार्यसमिति, प्रदेश विभागहरू समेतमा समानुपातिक सिद्धान्त अनुसार प्रतिनिधित्व हुनु पर्ने उल्लेख छ । तर, बिडम्बना नै भन्नु पर्छ मधेश प्रदेशमा पार्टीको विधान, नेपालको संविधानमा नै उल्लेख भएको समावेशी सिद्धान्त लागू हुन सकेको छैन ।

उपेक्षामा परेका, पारिएका, बन्चित, पिछडिएका, अल्पसंख्यक समेत विभिन्न जात जातिलाई अवसर प्रदान गरिनुपर्नेमा त्यही कोटामा अन्य बहुसंख्यक जातिका, कुनै खास जातिकाले मात्र प्रतिनिधित्व गरिरहेका छन् । परिणाम स्वरूपम तल वडा देखि माथि केन्द्रसम्म सिमान्तकृत समुदायको पहुँच नै हुन सकेको छैन ।

यसर्थ संगठनका संरचना देखि लिएर राज्यको मूल प्रवाहमा सबै जातजाति अन्तर्गत रहेका अन्य अल्पसंख्यक थरहरुका प्रतिनिधित्व गराउने तर्फ नेपाली कांग्रेसले ध्यानाकर्षण गर्नु आति आवस्यक देखिएकोले यसमा गहन छलफल गरि सो अनुसारको पहल गर्न गराउन तर्फ सबै आदरणीय नेताज्युहरु एक जुट भएर अगाडि बढ्न आवश्यक भइ सकेको छ। समय मै पहल गर्न न सके मधेस प्रदेशको नेपाली काँग्रेसको अवस्था सुदृर्ड गर्न अत्यन्तै कठिन परि स्थिति आउन सक्छ। अत : यस विषयलाई गम्भीरता पुर्वक लिन अति आवश्यक छ ।

# राष्ट्रियसभा निर्वाचनका लागि मतदाता नामावली स्वीकृत




**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि मतदाता नामावली स्वीकृत गरेको छ। उक्त निर्वाचनमा कूल दुई हजार ४७ मतदाता कायम गरिएको छ।

राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रदेशसभा सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्ने कानुनी व्यवस्था छ । उक्त व्यवस्थाबमोजिम प्रदेशसभा सदस्य पाँच सय ४९ तथा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुख एक हजार चार सय ९८ मतदाता रहेका छन् ।

स्वीकृत नामावलीमा प्रदेशसभा सदस्यतर्फ कूल मतदाता पाँच सय ५० मध्ये निधन भएका प्रदेशसभा सदस्य एक जनाको नाम हटाइ पाँच सय ४९ कायम गरिएको छ। त्यसैगरी गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फको कूल मतदाता एक हजार पाँच सय छ जनामध्ये निधन भएका गाउँपालिका अध्यक्ष एक, उपाध्यक्ष एक, नगरपालिकाका उपप्रमुख एक र निलम्बनमा परेका गाउँपालिकाका अध्यक्ष एक तथा नगरपालिकाका प्रमुख चार जनाको नाम हटाइ कूल एक हजार चार सय ९८ जनाको नामावली स्वीकृत गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले आज जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।

निर्वाचनका लागि प्रदेशसभा सदस्यको कूल मतभार २९ हजार ९७, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको कूल मतभार २८ हजार चार सय ६२ गरी जम्मा ५७ हजार पाँच सय ५९ मतभार कायम गरिएको छ। आयोगबाट निर्धारित मतभारबमोजिम प्रदेशसभाका सदस्यको ५३ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १९ रहेको छ।

निर्वाचन कार्यक्रम बमोजिम यही पुस २० गते निर्वाचन अधिकृतको कार्यालयमा उक्त मतदाता नामावली प्रकाशित हुनेछ। प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम समावेश हुन छुटेको भए समावेश गर्न, नाम समावेश भएको व्यक्तिको नाम, थर, उमेर, पद आदि विवरण सच्याउनुपर्ने भए सच्याउन तथा मतदाताको विरोधमा उजुरी दिनुपर्ने भए सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा निवेदन दिन सकिनेछ। यही पुस २२ गते अन्तिम मतदाता नामावली प्रकाशन हुने निर्वाचन आयोगले जनाएको छ।

# जनताका समस्या कसले बुझ्ने र सम्बोधन गर्ने त ? : सांसद अधिकारी

**वर्तमान संसद् गठन भएको झण्डै एक वर्ष पुग्नै लागेको छ । संघीय संसद्को प्रमुख जिम्मेवारी कानुन निर्माण भए पनि पछिल्ला एक वर्षमा संस्था देखिएको गतिविधि र अभिव्यक्ति आलोचनाको विषय बनेका छन् । शान्ति प्रक्रिया र संघीयता कार्यान्वयनसँग सम्बन्धित महत्वपूर्ण विधेयक अझै निष्कर्षमा पुग्न सकेका छैनन् ।**

**टुडे समाचारदाता**

काठमाण्डु । वर्तमान संसद् गठन भएको झण्डै एक वर्ष पुग्नै लागेको छ । सङ्घीय संसद्को प्रमुख जिम्मेवारी कानुन निर्माण भए पनि पछिल्ला एक वर्षमा संस्था देखिएको गतिविधि र अभिव्यक्ति आलोचनाको विषय बनेका छन् । शान्ति प्रक्रिया र सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित महत्वपूर्ण विधेयक अझै निष्कर्षमा पुग्न सकेका छैनन् ।

सरकार र संसद्को कार्यशैली तथा उपलब्धिबाट सांसद स्वयम् सन्तुष्ट हुन नसकेको गुनासो सार्वजनिक भइरहेका छन् । नेपाली काङ्ग्रेसका नेता एवं धादिङ क्षेत्र नं २ का सांसद रामनाथ अधिकारी सङ्घीय संसद्को एकवर्षे उपलब्धिबाट सन्तुष्ट हुने अवस्थामा आफू नरहेको बताउछन् ।

"संविधानलाई कार्यान्वयनको चरणमा लैजान विभिन्न ऐन कानुनको अभाव छ । ती कानुन निर्माण गर्नुपर्ने जरुरी थियो, त्यो वातावरण अहिलेसम्म हुन सकेको छैन," रासससँगको संवादमा उनले भने, "सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्नका निम्ति संसद्ले जुन भूमिका खेल्नुपर्ने थियो, ती काम हुन सकेनन्, अपेक्षा गरेको भन्दा पृथक ढङ्गबाट संसद् अघि बढेको छ । त्यसकारण बढी सन्तुष्ट हुने ठाउँ फेला परेको छैन ।"

आशा गरेअनुसार नभएको हुँदा आफू प्रतिनिधिसभाको सांसद हो भनेर भन्न कताकता असजिलो हुने महसुस गरेको उनको बुझाइ छ । "जुन ढङ्गको आशा, अपेक्षा र कल्पना गरेको थिएँ, त्यो पाउन सकिएन", उनले भने । संसद्ले प्रभावकारी काम गर्न नसक्नुमा सरकार र संसद् प्रमुख नै बढी जिम्मेवार भएको उल्लेख गर्दै उनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई व्यवहारतः कार्यान्वयन गर्न जेजति काम गर्नुपर्ने थियो, त्यो अधुरो र अपुरो नै रहेका कारणले आफू सन्तुष्ट हुन नसकेको बताए ।

नयाँ संविधानले तीन तहको सरकारको व्यवस्था गरिसकेपछि सङ्घीय सांसदको भूमिका कानुन निर्माणमा केन्द्रित हुनुपर्छ भन्ने चेतना विस्तार गर्न नसकिएको उहाँको भनाइ छ । उनल जनतालाई उक्त विषय बुझाउन नसक्नुमा राजनीतिक दल र सांसद नै जिम्मेवार रहेको ठहऱ्याए । "तर सांसदलाई बाध्यता पनि छ, जनताको अपेक्षा प्रशस्त छन्, सडकको न्यूनतम व्यवस्था पनि छैन", सांसद अधिकारीले भने, "अहिलेसम्मको विकास दीर्घकालीन भएन, गाउँगाउँमा खानेपानीको अभाव छ, यी सबै पीडा सांसदले भोगेका छौँ, त्यसकारण हामी विकास होइन, कानुन निर्माणमा मात्रै खट्छौँ भन्न मिल्दैन ।"

सांसद जनताको विकास निर्माणका अपेक्षासँग जोडिए सहजीकरण गर्नुपर्ने अवस्था रहेको अधिकारीको भनाइ छ । सांसद विकाससँग नजोडिने हो भने दूरदराजको जनताका समस्या कसले बुझ्ने र सम्बोधन गर्ने त ? उनल प्रश्न गरे ।

"संविधानसभाबाट संविधान जारी गर्‍यौँ, सबै नेपाली जनता सार्वभौम बन्नुभयो, सिंहदरबारका अधिकार आँगनमा पुऱ्याउँछौँ भनेका थियौँ, तर यो अवस्था अझै पनि फेला परेको छैन", सांसद अधिकारीले भने, "कतिपय ठाउँमा अन्धकारमा गुज्रिनु परेको छ । खानेपानीको अभाव छ, हिउँदे बाटो मात्रै तयार भएका छन्, बर्खामा गाउँगाउँसम्म पुग्ने स्थायी सडक छैन ।"


जनताका यावत समस्या सांसदले उठाउनुपर्ने र समस्या समाधानका लागि प्रयत्न गर्नुपर्ने भएकाले सांसदको उपस्थिति विकासे अड्डामा देखिएको हुनसक्ने उनी बताउछन् । प्रतिनिधिसभाका सांसद ऐन कानुन निर्माणमा केन्द्रित हुने हो तथा विकास प्रदेश र स्थानीय सरकारले गर्ने हो भनेमा जागरुकता ल्याउन नसकेकाले यस्तो परिस्थिति उत्पन्न भएको उनको बुझाइ छ।

सरकार र प्रतिपक्षीबीच दूरी बढ्दा यसपटकको यसपटकको प्रतिनिधिसभा निरन्तर सञ्चालन हुन नसकेको उल्लेख गर्दै सांसद अधिकारीले भने, "प्रमुख प्रतिपक्षीलगायत प्रतिपक्षीका कारण सांसद निरन्तर अघि बढ्न सकेन । त्यसकारण पनि ऐन कानुन निर्माणमा ढिलाइ भएको छ ।"

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमा लाग्नुपर्ने ठाउँमा सरकार र प्रतिपक्षका बीचमा दूरी बढ्दा त्यसको प्रभाव संस्था परेको उनको भनाइ छ। "हामीले लडेर ल्याएको अधिकारका विषयलाई जनताका बीचमा पुऱ्याउन सकेनौँ भनेर छलफल हुनुपर्नेमा त्यसो हुन सकेन । तत्कालीन समयमा उठेका समस्याका विषय समाधान गर्दै अघि बढ्दा प्रतिनिधिसभामा सांसदले जुन भूमिका निर्वाह गर्नुपर्ने थियो, संसद् आफ्नो भूमिकाबाट टाढा रहँदा समस्या पैदा भएको छ", उनले भने ।

प्रतिनिधिसभा बैठक सुरु भएपछि कार्यसूचीमा प्रवेश नगरी अन्त्यैतर्फ मोडिने स्थिति देखिएको उल्लेख गर्दै उनले भने, "यसपटकको प्रतिनिधिसभाले जति काम गर्नुपर्ने थियो, त्यति भएनन् जनताको अपेक्षा पूरा हुन सकेन ।" सरकारले सदनलाई 'बिजनेस' दिन नसक्दा पनि केही समस्या देखिएको जनाउँदै उनल यसमा नेतृत्वको मात्रै दोष नभएर सबैको उत्तिकै भूमिका छ भने । प्रमुख प्रतिपक्षीले सत्ताबाट बाहिरिनुपरेको चर्को पीडाका कारण पनि संसद् प्रभावित बनेको उनको भनाइ छ।

प्रतिष्ठालाई सम्पत्तिका रूपमा हेर्नुपर्नेमा पछिल्ला समय राजनीतिक र प्रशासनिक नेतृत्वमा लोभ, मोह र स्वार्थ देखिन थालेकामा चिन्ता व्यक्त गर्दै उनल भ्रष्टाचार अन्त्य गर्न सबैको समूहिक पहल र प्रयत्न आवश्यक भएको बताए । २०१८ साल भदौ १५ गते जन्मेका सांसद अधिकारीले २०३९ सालदेखि राजनीति यात्रा प्रारम्भ गरेका थिए । २०४२ सालमा नौ महिना जेल पर्नुभएका उनी २०५६ को आम निर्वाचनमा धादिङ क्षेत्र नं २ बाट निर्वाचित भएका थिए । २०५४ देखि २०७२ सम्म नेपाली काङ्ग्रेस धादिङको जिल्ला सभापति रहनुभएका उनी दोस्रो जनआन्दोलनमा ककनी र भक्तपुरमा गरी पाँच महिना प्रहरी हिरासतमा परेका थिए । नेता अधिकारी धादिङको नीलकण्ठ बहुमुखी क्याम्पसको व्यवस्थापन समितिको अध्यक्ष र शान्ति समिति धादिङको अध्यक्षसमेत थिए ।



संसदीय मर्यादामा सबै सांसद अडिग रहनुपर्नेमा जोड दिँदै उनले संसदीय मर्यादा र गरिमाभित्र रहेर मात्रै आफ्नो अभिव्यक्ति दिनुपर्ने बताए । "संसदीय मर्यादाको पालना आफैँले गर्ने हो, शीर्ष नेतादेखि नवप्रवेशी सांसद समेतले संसदीय मर्यादा पालना गर्नुपर्छ, प्रतिपक्षीले सरकारलाई रचनात्मक सुझाव र ढाडस पनि दिन सक्नुपर्छ, प्रतिपक्षीको असल सुझाव ग्रहण गर्नुपर्छ, तर यसपटकको संसदा देखिएको गतिविधि र अभिव्यक्तिप्रति आफू सन्तुष्ट छैन", सांसद अधिकारीले भने ।

संसद् प्रतिपक्षीको सत्ता भए पनि त्यसको दायरा र अनुशासन हुने जनाउँदै उनल सत्ता पक्ष र प्रतिपक्ष अनुशासनभन्दा बाहिर जान नमिल्ने बताए । संसदीय अभ्यासमा सबै सचेत हुनुपर्ने उहाँको सुझाव छ। उनल मुलुकको नेतृत्व गर्नेले आफू सुध्रेर ग्रामीण भेकमा रहेका जनताका समस्या समाधान गर्न ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिए। "जनताको विश्वास जित्न सक्नुपर्छ, हिजो जनतासमक्ष गरेका बाचा पूरा गर्नुपर्छ", उनले भने ।

सिंहदरबारको अधिकार जनताको घर दैलोमा पुऱ्याउँछौँ भनेर गरेको कबोललाई जनताले विश्वास गरेर मत दिएको उल्लेख गर्दै उनल कुनै पनि तहमा जनतमाथि बेइमानी गर्न नहुने बताए । "वडा, पालिका, प्रदेश र सङ्घमा रहेका जनप्रतिनिधिले जनतामाथि अन्याय र बेइमानी गर्ने कल्पनासमेत गर्न हुँदैन", उनले भने, "परिवर्तनका लागि मरिमेटेर लागेका शक्ति जनताको अधिकारका लागि फेरि एकताबद्ध भएर अगाडि बढौँ ।"

# सामूहिक सुधारको खाँचो छ : मन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले उदयपुर सिमेन्ट कारखाना देशकै लागि महत्त्वपूर्ण भएको बताएका छन् । उद्योग र उद्योगले प्रयोगमा ल्याएका खानीको आज उदयपुरमा निरीक्षण गर्दै उनल यस उद्योगका समस्या सबै मिलेर समाधान गर्नुपर्ने बताए ।

मन्त्री डा महतको सचिवालयका अनुसार सो अवसरमा उनल कारखाना निरीक्षणका क्रममा सामूहिक प्रयासबाट मात्र उद्योग पुनः सञ्चालनको सम्भावना रहेको उल्लेख गरे । सरकारले अनुदान दिएर मात्र समस्याको समाधान ननिस्कने मन्त्री डा महतको भनाइ थियो । "व्यवस्थापनमा ध्यान दिनु पर्यो, यहाँ काम गर्ने श्रमिकले पनि जिम्मेवारीबोध गर्नुपर्यो । कसैले पनि जिम्मेवारीबोध नगर्दा यो अवस्था सिर्जना भएको हो। विगतबाट पाठ सिकेर आफूलाई परिवर्तन गर्नुपर्छ", उनले भने ।



निजी क्षेत्रद्वारा धेरै उद्योग व्यवसाय सञ्चालन भएका उल्लेख गर्दै मन्त्री डा महतले श्रमिकका गुनासो सम्बोधन गर्न जरुरी भएको बताए । उनले भने, "निजी क्षेत्रले आफैँले जमिन किन्छ, उद्योगका संरचना आफैँ निर्माण गर्छ, ऋण लिएर मेसिन किन्छ र सञ्चालन गर्छ । सबै सञ्चालन खर्च तिरेर पनि नाफा कमाउँछ ।"उदयपुर सिमेन्ट कारखाना सञ्चालनका लागि जापान सरकारले सहयोग गरेको हो । स्थापनाका बेला कारखानामा रु ४४ करोड लगानी गरिएको थियो । अहिले पनि कारखानाले रु एक अर्बको सावाँब्याज केही तिर्नुपरेको छैन । सञ्चालन खर्चको दायित्व पूरा गरे पुग्छ। तर कारखानाले पूर्ति गर्न सकेको छैन। अहिले कारखानामा रु ७५ करोडको दायित्व रहेको मन्त्री डा महतले बताए ।

उनले भने, "सरकारले व्यवस्थापक नियुक्ति गर्‍यो, त्यहाँ पनि कमजोरी छ । व्यवसायिकतालाई हामीले महत्व दिएनौं । व्यवस्थापनको नेतृत्व पनि कमजोर भयो, श्रमिकले आफ्नो जिम्मेवारी पूरा गरेनन्, सुविधा मात्र माग गर्नमा जोड दिए। त्यही कारणले उद्योगको अहिलेको अवस्था आएको हो ।" कोभिड-१९ भन्दा अगाडिदेखि नै समस्या थपिँदै आएका मन्त्री डा महतको भनाइ थियो । "महत्व दिएर यसको सम्पत्ति रक्षा गर्नुपर्छ भन्ने मानसिकता देखिएन । यसैले सफलता प्राप्त गर्न सकिएन", उनले भने- "उद्योगमा सरकारको सहभागिता जरुरी होइन । निजी क्षेत्रलाई प्रतिस्पर्धी बनाउन सरकारले लगानी गर्‍यो, मित्रराष्ट्रहरुको पनि सहयोग रह्यो। यसलाई निरन्तरता दिन जरुरी छ।"

व्यवस्थापन र ट्रेड युनियनबाट प्रतिबद्धता आएन भने उद्योग बचाउन कठिन हुने मन्त्री डा महतको भनाइ थियो । उद्योग बचाउन समयसँगै नयाँ प्रविधिको उपयोग गर्न आवश्यक भएको उनल बताए । उद्योग बचाउनुपर्छ भन्ने मानसिकता बोकेर काम गरे सरकारले सहयोग गर्ने मन्त्री डा महतले बताए। काममा व्यावसायिकता देखिनुपर्ने भन्दै मन्त्री डा महतले भने, "प्रतिस्पर्धामा टिक्नुपर्छ। यो उद्योगमा अन्तबाट उठेको कर यहाँ हाल्दै जबर्जस्ती बचाउन सकिँदैन । यसलाई बचाउन व्यवस्थापन, मजदुर, सञ्चालक र स्थानीय सरकारले सामूहिक प्रतिबद्धता जनाउनु पर्छ । अनी मात्र सरकारले हेर्छ।"

# गुणस्तरीय सेवा स्वदेशमै दिन सकिन्छ : मन्त्री शर्मा

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सुरक्षण मुद्रणसम्बन्धि भरपर्दो र गुणस्तरीय सेवा स्वदेशमै दिन सकिने बताएकी छन्। देशभित्र नै सुरक्षण मुद्रणसम्बन्धी भरपर्दो र गुणस्तरीय काम गर्नका लागि एक विशिष्टीकृत निकायको स्थापना गरिने उनले उल्लेख गरिन्।



प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विचाराधीन सुरक्षण मुद्रणसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफलमा उठेका प्रश्नको बुधबार जवाफ दिँदै मन्त्री शर्माले राष्ट्रिय गौरवका आयोजनाका रुपमा सुरक्षण मुद्रणको कामलाई अघि बढाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्दै यसका लागि कानुन बनेपछि बेग्लै संयन्त्र खडा हुने जानकारी दिए। उक्त केन्द्र स्थापना भए स्वदेशमै नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्रजस्ता महत्वपूर्ण सामग्रीको मुद्रण भई राष्ट्रिय पुँजी विदेशिनबाट जोगिने उनको भनाइ थियो।

राष्ट्रियसभाबाट पारित भई आएको उक्त विधेयकमा सुरक्षण मुद्रणसम्बन्धी कार्यको प्राधिकार रहने गरी केन्द्र स्थापनाको प्रस्ताव गरिएको छ । नेपाल सरकारका प्रवक्तासमेत रहेका मन्त्री शर्माले उक्त विधेयक २०७७ सालमा सदनमा प्रस्तुत भएको र चालु आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा सुरक्षण मुद्रणका काम र मुद्रण विभागका काम एकै निकायबाट गर्ने व्यवस्था भएकाले कतिपय सन्दर्भमा फेरबदल आएको उल्लेख गर्दै मन्त्रालयले सुरक्षण मुद्रणलाई बेग्लै केन्द्र बनाएर मुद्रण विभागलाई पनि यथावत् राख्ने गरी राय दिएको अवगत गराए । मन्त्री शर्माले अतिरिक्त हुलाक सेवालाई चरणबद्धरुपमा खारेज गर्ने र हरेक स्थानीय तहमा एउटा हुलाक सेवा विभाग स्थापना गर्ने सरकारको योजना रहेको बताइन्।

मन्त्रालयका सचिव कृष्णबहादुर राउतले राष्ट्रियसभाबाट प्राप्त संशोधन र मूल विधेयक तथा वर्तमान परिवेशलाई आत्मसात् गरेर सांसदहरुबाट आउने सुझावका आधारमा विधेयकलाई समृद्ध बनाउन सकिने बताए । समितिका सभापति भानुभक्त जोशीको अध्यक्षतामा बसेको उक्त बैठकमा समितिका सदस्य डा चन्द्र भण्डारीले कानुन बनाउँदा विदेशमा प्रयोग भएका व्याख्या र शब्दावलीलाई 'कपिपेष्ट' गर्ने प्रवृत्ति अन्त्य हुनुपर्ने बताए ।

# विश्व जल नेतृत्व कार्यक्रममा रणनीतिक समन्वय आवश्यक

**टुडे समाचारदाता**

काठमाण्डु । विश्व जल नेतृत्व कार्यक्रमलाई आवश्यक समन्वय एवम् मार्ग दर्शनका लागि जल तथा ऊर्जा आयोगको सचिवालयले रणनीति मस्यौदामाथि छलफल गरेको छ । जल तथा ऊर्जा आयोगले बुधबार बसेको बैठकमा प्रस्तुत गरेको मस्यौदामा विश्व जल नेतृत्व कार्यक्रमलाई मूर्तरुप दिन सचिवालयको रणनीतिक समन्वय आवश्यक रहेको उल्लेख गरिएको छ।

जल तथा उर्जा आयोगका सचिव सरिता दवाडीले नीति कार्यान्वयन, संस्थागत समन्वय, तथ्याङ्क र क्षमता अभिवृद्धिमा कमि भएको उल्लेख गरे । छलफलमा उनले जलस्रोतका क्षेत्रमा काम गर्न सरकारले निर्माण गरेको नीतिलाई कार्यन्वयन गर्नुपर्ने तथा सम्बन्धित मन्त्रालयले संस्थागत समन्वय गर्नुपर्ने बताए ।

वित्त परामर्शदाता गणेशराज जोशीले आर्थिक सहकार्यका लागि तीन तहको सरकारसँगै गैर सरकारी संस्थाले सहकार्य गर्नुपर्ने कुरामा जोड दिए । उनले परिवर्तनशील जलवायुमा विश्वव्यापी जलस्रोतको नेतृत्व गर्न सङ्घीय सरकारले २३ प्रतिशत, प्रदेश सरकारले २४ प्रतिशत, स्थानीय सरकारले पाँच प्रतिशत र बाँकी निजी क्षेत्रले ४८ प्रतिशत आर्थिक लगानी गर्न सके एकीकृत जलस्रोत व्यवस्थापन तथा पानी, सरसफाइ र स्वच्छता क्षेत्रमा सहयोग पुग्ने बताए ।

जलस्रोत विकास संस्थाका प्रतिनिधि बिटुकृष्ण उप्रेतीले पानी, सरसफाइ र स्वच्छताका लागि वातावरणीय मूल्याङ्कन सुनिश्चितासँगै नियमन गर्ने, कानुनी प्रावधानको वातावरणीय अनुगमन गर्ने र लेखापरीक्षणको नतिजा सार्वजनिक गर्नुपर्ने बताए । उनले स्थानीय र निजी क्षेत्रको सहभागितामा एकीकृत जलस्रोत व्यवस्थापन तथा पानी, सरसफाइ र स्वच्छता सेवा वितरणलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए।

# 'समयसीमाभित्रै जिम्मेवारी पूरा गर्न दृढ छौँ'

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानसेनापति प्रभुराम शर्माले राष्ट्रिय गौरवका आयोजनामध्ये सबैभन्दा प्राथमिकता प्राप्त काठमाडौँ-तराई/मधेस द्रुतमार्ग(फाष्ट ट्र्याक) निर्धारित समयमै पूरा गर्न नेपाली सेना दृढ रहेको बताएका छन्।

प्रतिनिधिसभा राज्यव्यवस्था तथा सुशासन समितिको आजको बैठकमा उनले नेपाली जनताले निकै आशा र भरोसा गरेको सामरिक महत्व बोकेको द्रुतमार्ग आगामी विसं २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य निर्धारण गरी काम भइरहेको जानकारी दिए।

प्रधानसेनापति शर्माले भने, "द्रुतमार्गको निर्माण नियम र कानुनको परिधिभित्र रही तयार गरिएको कार्ययोजनाअनुरुप नै पारदर्शी ढङ्गबाट काम भइरहेको छ। आर्थिक अनियमिता भएको छैन। झन्झटिला प्रक्रिया र कतिपय अव्यावहारिक कानुनले काममाई द्रुत गतिमा अघि बढाउन बाधा पुऱ्याइरहेको छ।"

द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन(डिपिआर) स्वीकृत र वातावरण अध्ययन मूल्याङ्कनमा भएको विलम्बजस्ता कार्यले समयमा कार्यसम्पादन गर्न बाधा पुगेको घटना सुनाउँदै उनले सरोकारवाला सबैको सहयोग र समन्वयमा निर्धारित समयमै जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता जनाए।

एक प्रश्नको जवाफमा प्रधानसेनापति शर्माले भने, "प्रजातान्त्रिक मुलुकको सेनाको प्रमुखको जिम्मेवारीमा छु। सेनालाई गलत देखाउने तत्वले अहिले पनि सक्रिय छ। सेनाले गलतलाई कहिल्यै ठीक भन्दैन। द्रुतमार्गकै कुरा गर्नुपर्दा अहिले करिब रु १२ अर्ब सस्तोमा काम लगाइएको छ।"

विसं २०७४ वैशाख २१ गते सेनाले द्रुतमार्ग निर्माणको जिम्मेवारी लिएको थियो। सेनाको व्यवस्थापनमा अघि बढिरहेको द्रुतमार्गको लम्बाइ डिपिआरपछि ७० दशमलव ९७७ किमी कायम भएको छ। उक्त राजमार्गमा विशिष्ट प्रकारकासहित ८९ वटा पुला रहने छन् भने दोहोरो प्रवेश भएका छ वटा सुरुङमार्ग रहने छन्। करिब रु दुई खर्ब १३ अर्बको लागत अनुमान गरिएको आयोजनाको हालसम्म वित्तीय प्रगति २९ दशमलव ४४ र भौतिक प्रगति ३२ दशमलव ६६ पुगेको छ। हालसम्म आयोजनामा करिब रु ५२ अर्ब खर्च भइसकेको सो अवसरमा जानकारी दिइयो।

आयोजनालाई निर्धारित समयसीमाभित्र पूरा गर्न सेनाले १३ भागमा विभाजन गरी ठेक्का प्रक्रिया अघि बढाएकामा सात स्थानमा अहिले धमाधम काम भइरहेको छ भने पाँच स्थानको ठेक्का प्रक्रिया अघि बढिरहेको छ। आयोजनाको प्रस्थान विन्दुका लागि छनोट भएको खोकना क्षेत्रमा जग्गा विवादसम्बन्धी समस्या कायमै रहेपछि छ विकल्पको अध्ययन भइरहेको सेनाले जानकारी दियो। करिब दुई सय ५५ मिटर अग्लासहित विशेष प्रकारकासहित ६२ वटा पुल निर्माणको ठेक्का भइसकेको जनाउँदै सेनाले बाँकीको प्रक्रिया पनि तदारुकताका साथ अघि बढाउने प्रतिबद्धता जनाएको छ।

बैठकमा सदस्यले जनताले निकै विश्वास गरेको भरोसायोग्य संस्थाका रुपमा रहेका सेनाको व्यवस्थापनमा अघि बढेको द्रुतमार्ग निर्माण ढिलो हुने र लागत बढ्ने अवस्थाले सेनाप्रतिको दृष्टिकोणमा परिवर्तन आउन नदिनेतर्फ सचेत र सजग रहन सुझाव दिए।उनीहरुले निर्धारित लक्ष्य हासिल गर्ने अठोटसँग कार्यप्रगति तालमेल नभएको मात्र नभई काम असाध्यै ढिलो भएको जनाउँदै द्रुतमार्ग मनपरि र भद्रगोल देखिएको भनी आएका सूचनालाई गलत साबित गर्ने ढङ्गबाट कार्यसम्पादन र जवाफको अपेक्षा गरे।

# आप्रवासन कानूनमा सुधार गर्ने ईयू सदस्य राष्ट्रहरूबीच सहमति

**एएफपी**

ब्रसेल्स । युरोपेली सङ्घ (ईयू) का सदस्य र सांसदहरू बीच शरणार्थी र आप्रवासीलाई व्यवस्थापन गर्ने सम्बन्धी ईयूको कानूनमा फेरबदल गर्ने विषयमा बुधबार सहमति भएको अधिकारीहरूले बताएका छन् ।यस सुधारमा अनियमित आगमनको द्रूत परीक्षण, सीमा क्षेत्रमा हिरासत केन्द्रहरू सिर्जना गर्ने, अस्वीकृत शरण आवेदकहरूको लागि द्रूत निर्वासन र ठूलो प्रवाहको सामना गरिरहेका दक्षिणी देशहरूबाट दबाब हटाउन ऐक्यबद्धता संयन्त्र समावेश छ ।



ईयूको अध्यक्षको जिम्मेवारी सम्हाल्दै लामो वार्ताको अध्यक्षता गरेको स्पेनले एक्स (ट्वीटर)मा भनेको छ, "आप्रवासन र शरणसम्बन्धी ईयूको नयाँ सम्झौताका पाँच बिषयमा राजनीतिक सहमति भएको छ ।"युरोपेली आयोगका उपप्रमुख मार्गारिट्स शिनासले भन्नुभयो, "यहाँसम्म आइपुग्न निकै लामो यात्रा तय भएको छ । अन्ततः हामीले कानून बनायौँ । यूरोपले अन्ततः आप्रवासनलाई बढावा दिइरहेको छ ।"आयोगका प्रमुख उर्सुला भोन डेर लेयेनले भन्नुभयो, "आप्रवासन समस्या साझा युरोपेली चुनौती हो । आजको निर्णयले हामीलाई मिलेर यसको व्यवस्थापन गर्न अनुमति दिनेछ ।"

युरोपेली सङ्घका २७ सदस्य राष्ट्रको प्रतिनिधित्व गर्ने युरोपेली परिषद् र युरोपेली संसद्ले यो सम्झौतालाई औपचारिकरूपमा अनुमोदन गर्न बाँकी छ ।इटाली, स्वीडेन र नेदरल्याण्ड्सलगायत ईयूका धेरै देशहरूमा राष्ट्रवादी आप्रवासी विरोधी दलहरूको उदयसँगै हालैका वर्षहरूमा यूरोपमा आप्रवासनको मुद्दाले कडा राजनीतिक धार लिएको छ ।

वार्ताकारहरू सन् २०२४ को जुनमा वर्तमान यूरोपेली संसदको कार्यकाल सकिनुअगावै लागू गर्न सकिने व्यवहारिक सम्झौतामा पुग्न इच्छुक थिए ।तर एम्नेस्टी इन्टर नेसनल, अक्सफाम, कारितास र सेभ द चिल्ड्रेनलगायतका दर्जनौं परोपकारी संस्थाले यो परिवर्तनको आलोचना गर्दै यो कार्यक्रमले 'क्रूर प्रणाली' सिर्जना गर्ने बताएका छन् ।तीन वर्षअघि आयोगले अघि सारेको प्रस्तावका आधारमा गरिएको यो फेरबदल पछि पनि शरणार्थीले प्रवेश गर्ने पहिलो इयू देश आफ्नो मुद्दाका लागि जिम्मेवार हुन्छ भन्ने विद्यमान सिद्धान्तलाई कायम राखेको छ ।

तर भूमध्यसागरीय देशहरू इटाली, ग्रीस र माल्टामा जस्तै उच्च सङ्ख्यामा आगमन अनुभव गरिरहेका देशहरूलाई मद्दत गर्न अनिवार्य ऐक्यबद्धता संयन्त्रको स्थापना गरिनेछ ।यसको अर्थ निश्चित सङ्ख्यामा आप्रवासीलाई अन्य ईयू देशहरूमा स्थानान्तरण गर्नु वा आप्रवासीहरू लिन इन्कार गर्ने देशहरूले उनीहरूलाई आर्थिक वा भौतिक योगदान प्रदान गर्नेछन् ।

योजनाबद्ध सुधारको उद्देश्य शरण खोज्नेहरूलाई शीघ्र खोज्ने, छान्ने र अनुसन्धान गर्नु पनि हो ताकि अयोग्य ठानिएकाहरूलाई चाँडै उनीहरूको गृह देश वा ट्रान्जिट भएको देशमा फिर्ता पठाउन सकियोस् ।यो प्रक्रियाका लागि सीमा क्षेत्रमा हिराशत केन्द्रको स्थापना गर्न आवश्यक छ । कानून सुधार ती देशहरूबाट आउने अनियमित आप्रवासीहरूको लागि लागू हुनेछ जसको नागरिकहरूको शरण अनुरोध ८० प्रतिशतभन्दा बढी मुद्दाहरूमा अस्वीकार गरिएको छ ।


"यूरोपेली संसद्का सदस्यहले साना बच्चाहरू भएका परिवार हरूको पर्याप्त अवस्था हुने र हिरासतमा राखिएका आप्रवासीहरूको अधिकारलाई कायम राख्न र निःशुल्क कानुनी सल्लाह प्रदान गर्न निगरानी गरिने ग्यारेन्टी प्राप्त गरेका छन्," सांसद फेबिएन केलरले भन्नुभयो ।अर्को कुरा प्रस्तावित आगमन वृद्धिप्रति प्रतिक्रिया पनि हो । यसअन्तर्गत सन् २०१५/०१६ मा २० लाखभन्दा बढी शरणार्थीहरू इयूमा प्रवेश गरेका थिए, जसमध्ये धैरै युद्धग्रस्त सिरियाबाट आएका थिए ।

ईयूमा अनियमित आप्रवासी आगमन र शरण अनुरोधहरूको सङ्ख्या बढ्दो देखिइरहेको छ ।यस वर्षको पहिलो ११ महिनामा ईयूको सीमामामिला हेर्ने निकाय फ्रन्टेक्सले तीन लाख ५५ हजारभन्दा बढी अनियमित सीमा पार गरेर ईयू सदस्य राष्ट्रमा पुगेको पुष्टि गरेको छ । यो १७ प्रतिशतले वृद्धि हो ।ईयूको आप्रवासन व्यवस्थापन निकायका अनुसार यस वर्ष शरणार्थीको सङ्ख्या १० लाखभन्दा बढी हुन सक्छ ।

# चिनिया राष्ट्रपति सी र रूसी प्रधानमन्त्रीबीच भेटवार्ता

**सिन्ह्वा**

बेइजिङ । चिनियाँ राष्ट्रपति सी जिङपिङले बुधबार बेइजिङमा रूसी प्रधानमन्त्री मिखाइल मिशुस्टिनसँग भेटवार्ता गर्नुभएको छ ।



चालु बर्षमा रूसी राष्ट्रपति पुटिनसँग दुई पटक भेटवार्ता गरेको उल्लेख गर्दै राष्ट्रपति सीले दुई देशका सरकार तथा संसद् राजनीतिक दल र स्थानीय तहवीच विभिन्न व्यापारिक सहयोग भएको बताउनुभएको छ । यस बर्षमा चीन तथा रूसबीचको द्धिपक्षीय व्यापार मात्रा दुई सय अर्ब अमेरिकी डलरको लक्ष्य हासिल गरी दुई देशीय सम्बन्ध लाभकारी, लचिलो तथा व्यापक भएको राष्ट्रपति सीको भनाइ छ ।

यसै सन्दर्भमा उहाँले चीन र रूस सम्बन्धलाई कायम राख्दै विकास गर्नु दुबै देशका जनताको हितमा छनोट भएको बताउनुभएको छ । चीनले रूसी जनताको रोजाइको विकासको बाटोमा हिड्न सहयोग गरेको बताउदै राष्ट्रपति सीले आगामी बर्ष चीन रूसको कुटनैतिक सम्बन्ध स्थापना भएको ७५ औं बार्षिकोत्सवलाई नयाँ बिन्दुमा पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो ।

# आठ क्रिकेटर जसको न्यूनतम मूल्य लाख थियो, बिके करोडमा

**वीवीसी**

आइपिएल २०२४ का लागि भएको खेलाडी अक्सनको पहिलो दिन धैरै खेलाडीका लागि धनको वर्षा भयो।अस्ट्रेलियाका मिचेल स्टार्क आइपिएलको इतिहासकै सबैभन्दा महँगा खेलाडी बने। मिचेललाई कोलकाता नाइट राइडर्सले २४.७५ करोड भारुमा किन्यो। प्याट कमिन्सलाई सनराइजर्स हैदरावादले २० करोड ५० करोडमा आबद्ध गर्‍यो । यी महँगो बोलीको बीचमा, केहि युवा खेलाडी अक्सनदेखि नै चर्चामा रहे ।




मंगलबार दुबईमा भएको अक्सनमा केही भारतीय अनक्याप्ड क्रिकेटरहरू करोडौं रुपमा टिममा आबद्ध हुन सफल भए।अनक्याप्ड क्रिकेटर भन्नाले भारतीय टोलीका लागि अहिलेसम्म कुनै खेल नखेल्ने खेलाडीहरू हुन्।तिनीहरूमध्ये धेरै खेलाडीहरू छन्, जसको बारेमा अक्सन अघि अपेक्षाकृत कम मानिसलाई थाहा थियो। जब यी युवा खेलाडीको अक्सन सुरु भयो, उनीहरु करोडौं रुपैयाँमा बिक्ने अनुमान धेरैले गरेका थिएनन्।

### समीर रिजवी

उनी एक अनक्याप्ड भारतीय खेलाडी हुन्। समीरको अक्सन २० लाखको न्यूनतम मूल्यबाट सुरु भएको थियो । चेन्नई सुपर किंग्स र गुजरात टाइटन्सबीच समीरलाई किन्नको लागि राम्रो बोली लगाउने दौड सुरु भयो। यस दौडले अन्तिम रेखा छोएपछि २० लाखको लिलामी ८.४० करोड पुगेको थियो। चेन्नई सुपर किंग्सले समीरलाई ८ करोड ४० भारु लाखमा किन्यो । आइपिएल अक्सनअघि समीर यूपी टी-२० लिगमा उत्कृष्ट प्रदर्शनका कारण चर्चामा आएका थिए। लिगमा समीरले १० खेलमा ५० भन्दा बढीको औसतमा ४५५ रन बनाएका थिए। प्रतियोगितामा सर्वाधिक रन बनाउने कीर्तिमान पनि समीरको नाममा छ ।

२० वर्षीय समीर उत्तर प्रदेशको मेरठका हुन्। समीरले यूपी टी-२० लिगमा कानपुर सुपरस्टार्सका लागि सर्वाधिक छक्का प्रहार गरेका थिए। यस लिगमा समीरले दुई शतक र फाइनल खेलमा ५० बलमा ८४ रन बनाएका थिए। यही इनिङ्सका कारण समीरको टोली प्रतियोगिताको उपाधि जित्न सफल भयो। अण्डर-२३ मा समेत समीरले राजस्थानविरुद्धको एकदिवसीय खेलमा ६५ बलमा ९१ रन बनाएका थिए। समीरका मामा तान्किब अख्तर पनि क्रिकेटर बन्न चाहन्थे तर उनको सपना पूरा हुन सकेन, त्यसैले उनले आफ्नो भान्जाको खेलकुदमा आफ्नो सपना बुन्न थाले।

समीरले इन्डियन एक्सप्रेससँग भनेका छन्, 'मामु सधैं मेरो साथमा हुनुहुन्थ्यो। बितेको १४ वर्षमा मामा मसँगै मैदानमा नहुदाका १४ दिन मलाई पनि याद छैन।'समीरका बुवा हसीन रिजवीले आफ्नो तान्किबलाई घर आउनबाट रोकेका थिए । रोहित शर्मालाई आफ्नो नायक मान्ने समीर भन्छन्, 'मेरो मामालाई मभन्दा बढी विश्वास थियो। उहाँले मलाई जबरजस्ती बस्न लगाउनुभयो र अक्सन हेर्न लगाउनुभयो। म हेर्न चाहन्न थिए, तर उहाँले मलाई हेर्न लगाउनुभयो । म यो हेर्न सक्षम भएकोमा खुसी छु ।' समीरका मामा तान्किब भन्छन्- 'यो उमेरमा यति धैरै पैसा... मलाई अलिकति डर लागिरहेको छ। प्रशिक्षकको रूपमा मेरो भूमिका सकिएको छ। अब उसले राम्रो प्रशिक्षक पाउनेछ ।'

मंगलबार दुबईमा जब अक्सन सुरु भयो, तब शाहरुखले पनि आफू यति धैरै पैसामा आबद्ध हुने अनुमान गरेका थिएनन् ।

गुजरात टाइटन्सले शाहरुखलाई ७.४० करोडमा किन्यो। शाहरुखको न्यूनतम मूल्य ४० लाख थियो।शाहरुख यसअघि पनि आइपिएल खेलिसकेका छन् र अहिले करोड रुपैयाँमा आबद्ध भएका कारण चर्चामा आएका छन्।तमिलनाडुका ब्याट्सम्यान शाहरुखलाई २०२१ मा किंग्स इलेभेन पञ्जाबले ५.२५ करोडमा किनेको थियो। जुनियर लेभलमा स्विमिङ च्याम्पियन बनेका शाहरुख खानको नाम फिल्म स्टार शाहरुख खानको नाममा राखिएको थियो। यद्यपि शाहरुख रजनीकान्तका फ्यान हुन् ।

सन् १९९५ मा चेन्नईमा जन्मेका शाहरुख खानका पिता मसूद पनि क्लब क्रिकेटर हुन् अहिले छालाको व्यवसायमा छन्। उनकी आमा लुब्ना चेन्नईमा बुटिक चलाउछिन्। शाहरुख मिडल अर्डरमा आक्रामक खेल्नका गर्नका लागि परिचित छन्।शाहरुख पहिलो पटक सन् २०१२ मा चर्चामा आए, जब उनले जुनियर चेन्नई सुपर किंग्स प्रतियोगितामा आफ्नो क्षमता देखाए । शाहरुखले १८ वर्षको उमेरमा सैयद मुश्ताक अली ट्रफीमा तमिलनाडुका लागि आफ्नो पहिलो टी-२० खेल खेलेका थिए। सन् २०१४ मा भएको प्रतियोगिताको आफ्नो पहिलो खेलमा शाहरुखले गोवा विरुद्ध मात्र ८ बलमा २१ रन बनाएका थिए ।

### रोबिन मिन्ज

आदिवासी खेलाडी रोबिन मिन्जलाई आइपिएल २०२४ को अक्सनमा गुजरात टाइटन्सले ३.६ करोड भारुमा किन्यो। २१ वर्षीय रोबिन मिन्जको न्यूनतम मूल्य २० लाख रुपैयाँ थियो। रोबिनमा धेरै टोलीले चासो देखाए तर अन्त्यमा उनी गुजरातमा आबद्ध हुन सफल भए । रोबिन झारखण्डका हुन्। उनी बायाँ हाते ब्याट्सम्यान रोबिन महेन्द्रसिंह धोनीका फ्यान हुन्। धोनीले जस्तै रोबिनले पनि अनुभवी प्रशिक्षक चञ्चल भट्टाचार्यबाट प्रशिक्षण लिएका हुन् ।

उनी झारखण्डको गुम्ला जिल्लाका हुन्। हाल उनी राँचीमा बस्छन्। तर अहिलेसम्म उनले रणजी ट्रफीमा आफ्नो टिमबाट खेल्न सकेका छैनन्। तर, रोबिन झारखण्डको अन्डर-१९ र अन्डर-२५ टोलीको हिस्सा भइसकेका छन्। एनडीटीभी स्पोर्ट्सको रिपोर्टका अनुसार रोबिनका बुबाले सेनामा सेवा गरेका छन् र सेवानिवृत्त भएपछि आजकल राँचीको एयरपोर्टमा गार्डको रूपमा काम गर्छन् । उनले मुम्बई इन्डियन्स, लखनऊ सुपरजायन्ट्स, दिल्ली क्यापिटल्स, कोलकाता नाइट राइडर्ससँग ट्रायल दिएका थिए। तर, २०२३ को आइपिएल लिलामीमा रोबिनलाई कुनै पनि आबद्ध गरेनन् ।

### कुमार कुशाग्र

रोबिन जस्तै कुमार कुशाग्रा पनि झारखण्डका हुन्। दिल्ली क्यापिटल्सले कुशाग्रालाई ७.२० करोड भारुमा किन्यो। कुमार कुशाग्रालाई किन्न चाहने चेन्नई सुपर किंग्स र गुजरात टाइटन्स पनि थिए ।

हालै विजय हजारे ट्रफीमा झारखण्डको जितमा कुमारले महत्वपूर्ण भूमिका खेलेका थिए । १९ वर्षीय कुशाग्र यस वर्षको देवधर ट्रफीमा आफ्नो ब्याटिङका कारण चर्चामा थिए। पाँच इनिङ्समा कुशाग्रले १०९ को स्ट्राइक रेटमा २२७ रन बनाएका थिए । विजय हजारे ट्रफीमा कुशाग्राले ३७ बलमा ६७ रन बनाएका थिए। कुशाग्र २०२० को अन्डर-१९ विश्वकपको टोलीमा भारतीय टोलीका सदस्य थिए। २०२२ मा कुशाग्राले नागाल्याण्डविरुद्ध दोहोरो शतक बनाएका थिए । कुशाग्रले १७ वर्षको उमेरमा यो उपलब्धि हासिल गरेका थिए ।

### शुभम दुबे

शुभम दुबेको ५.८ करोड भारुमा राजस्थान रोयल्समा आबद्ध भए। राजस्थानले दिल्ली क्यापिटल्सलाई पछि पार्दै शुभमलाई आफ्नो टोलीमा समावेश गर्‍यो। सैयद मुश्ताक अली ट्रफीमा शुभम दुबेले सात इनिङ्समा २२१ रन बनाएका थिए। २९ वर्षीय शुभम नागपुरका हुन् । इन्डियन एक्सप्रेससँग कुरा गर्दै शुभम दुबे भन्छन्, 'मैले टी-२० मा सैयद मुश्ताक अली राम्रो खेलेको थिएँ, त्यसैले म छनोट हुनेमा आशावादी थिएँ। तर यति ठूलो रकम आउनेछ, करोडौं पाउँछु भनेर सोचेको पनि थिइनँ । अब मेरो जिम्मेवारी अझ बढेको छ ।

इन्डियन एक्सप्रेसको रिपोर्टअनुसार शुभमका बुबा वर्षौंदेखि बेरोजगार छन्। शुभमका भाइ निजी कम्पनीमा काम गर्छन् । शुभमलाई आशा छ कि आइपिएलबाट प्राप्त पैसाले उनको जीवन परिवर्तन हुनेछ । शुभम भन्छन्- 'मेरो बुवा लामो समयदेखि कामविहीन हुनुहुन्छ । हामीले धैरै नराम्रो समय देख्यौं। बुबा कहिले यता, कहिले उता काम गर्नुहुन्थ्यो। मसँग पन्जा किन्न पैसा थिएन। मलाई सहयोग गर्ने प्रशिक्षक सुजित जैसवाल हुन् ।'

### यश दयाल

रोयल च्यालेन्जर्स बैंगलोरले यश दयाललाई ५ करोड भारुमा किन्यो। २६ वर्षीय यश इलाहाबादका हुन् र देब्रे हात मध्यम गतिमा बलिङ गर्छन्। यश दयालले २०१८ मा प्रथम श्रेणी खेलबाट डेब्यु गरेका थिए। यशले १७ प्रथम श्रेणी खेलमा ५८ विकेट र ४२ टी-२० खेलमा ३८ विकेट लिएका छन् ।

### एम सिद्धार्थ

तमिलनाडुका स्पिनर एम सिद्धार्थलाई लखनउ सुपर जायन्ट्सले २.४ करोड भारुमा किन्यो। आरसीबी टोलीले पनि सिद्धार्थलाई किन्न चासो देखाएको थियो तर लखनउको टोली अगाडि रह्यो । सिद्धार्थको न्यूनतम मूल्य २० लाख रुपैयाँ थियो । सन् १९९८ मा जन्मेका सिद्धार्थले सात टी-२० खेलमा १८ विकेट लिएका छन् । उनले अहिलेसम्म प्रथम श्रेणी क्रिकेटका ७ खेलमा २७ विकेट लिएका छन्।

### सुशान्त मिश्रा

मंगलबार सुशान्तका लागि विशेष बन्यो। भारतको यू-१९ टिमका खेलाडी सुशान्तलाई गुजरात टाइटन्सले २ करोड २० लाख भारुमा किन्यो। सनराइजर्स हैदरावादले पनि सुशान्तलाई किन्ने प्रयास गरेको थियो । सुशान्त सन् २०२२ मा सनराइजर्स हैदरावादको टोलीमा थिए। २२ वर्षीय सुशान्त राँचीका हुन् । सुशान्तले सात प्रथम श्रेणी खेलमा २० विकेट लिएका छन् ।

### को हुन् सबैभन्दा महँगा खेलाडी?

मिचेल स्टार्क, कोलकाता नाइट राइडर्स - २४.७५ करोड भारु
प्याट कमिन्स, सनराइजर्स हैदरावाद - २०.५० करोड भारु
ड्यारल मिचेल, चेन्नई सुपर किंग्स - १४ करोड भारु
हर्षल पटेल, पञ्जाब किंग्स - ११.७५ करोड भारु
अल्जारी जोसेफ, रोयल च्यालेन्जर्स बैंगलोर - ११.५० करोड भारु
स्पेन्सर जोन्सन, गुजरात टाइटन्स - १० करोड भारु
समीर रिजवी, चेन्नई सुपर किंग्स - ८.४० करोड भारु
रोवमान पावेल, राजस्थान रोयल्स - ७.४० करोड भारु
शाहरुख खान, गुजरात टाइटन्स - ७.४० करोड भारु
कुमार कुशाग्रा, दिल्ली क्यापिटल्स - ७.२ करोड भारु

# ट्रम्प राष्ट्रपतिको उम्मेदवार बन्न अयोग्य भएको सर्वोच्च अदालतको ठहर

**वीवीसी**

अमेरिकाका पूर्वराष्ट्रपति डोनल्ड ट्रम्पलाई कोलराडो राज्यबाट आगामी राष्ट्रपतीय निर्वाचनमा उम्मेदवार बन्न त्यहाँको सर्वोच्च अदालतले रोक लगाएको छ ।

कोलराडो सर्वोच्च अदालतले राजद्रोहको आरोपमा फैसला गर्दै उनलाई उक्त राज्यमा चुनाव लड्न रोक लगाएको हो। अन्य राज्यमा ट्रम्पलाई राष्ट्रपतिको उम्मेदवार बन्न भने यो निर्णयले रोक्दैन।अमेरिकाको संविधानको १४औं संशोधनबाट थप गरिएको व्यवस्थाका आधारमा कसैलाई राष्ट्रपतिको उम्मेदवार बन्नबाट रोक लगाइएको यो पहिलो पटक हो।ट्रम्पको निर्वाचन अभियानले उक्त आदेश अप्रजातान्त्रिक रहेको तर्क गर्दै पुनरावेदन गर्ने जनाएको छ।

यसअघि न्यूह्याम्शर, मिनिसोटा र मिशिगनमा ट्रम्प निर्वाचनमा सहभागी हुन अयोग्य रहेको भन्दै मुद्दा परेको थियो। तर त्यहाँ ट्रम्पविरुद्ध आदेश आएको थिएन।मङ्गलवारको फैसलाविरुद्ध ट्रम्पले एक महिनाभित्र पुनरावेदन दिन सक्छन्। अदालतको आदेश मार्च ५ मा हुन लागेको प्राइमरी निर्वाचनमा लागु हुने छ। उक्त दिन रिपब्लिकनहरूले आफ्नो पार्टीबाट राष्ट्रपतीय उम्मेदवार चयन गर्दै छन्। यद्यपि यो आदेशको असर अर्को वर्ष नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा पनि हुने ठानिएको छ।

"हामी हलुका रूपमा यो निष्कर्षमा पुगेका छैनौं। हामीले यसले पार्ने असर र अब हामीलाई सोधिने प्रश्नहरूबारे पनि ध्यान दिएका छौं," उनीहरूले आफ्नो आदेशमा लेखेका छन्।"हामी जनताको प्रतिक्रियाबाट प्रभावित नभई कानुन लागु गर्ने हाम्रो गम्भीर कर्तव्यलाई बिनाडर वा बिनापक्षपात र कानुनद्वारा निर्देशित निर्णयहरूका आधारमा गर्न सचेत छौं।"यो आदेशले यसअघि कोलराडोकै अर्का न्यायाधीशले दिएको एउटा आदेश उल्टिएको छ ।

यसअघिका न्यायाधीशले संविधानको १४औं संशोधनको राजद्रोहसम्बन्धी व्यवस्थामा राष्ट्रपतिहरूबारे उल्लेख नगरिएकाले राष्ट्रपतिहरूमा यो प्रावधान लागु नहुने ठहर गरेका थिए । यसअघि त्यही राज्यको तल्लो अदालतले सन् २०२१ मा क्यापिटल हिलमा भएको दङ्गामा ट्रम्पको संलग्नता भएको ठहर गरेको थियो । सांसदहरूले अमेरिकी राष्ट्रपतिमा जो बाइडनको विजय अनुमोदन गर्दै गर्दा ट्रम्पका समर्थकहरू अमेरिकी कङ्ग्रेसमा प्रवेश गरेका थिए । कोलराडो सर्वोच्च अदालतको आदेश २०२४ को ज्यानुअरी ४ सम्म कार्यान्वयन हुँदैन ।

त्यसको भोलिपल्ट प्राइमरी निर्वाचनका लागि उम्मेदवारहरूको मतपत्र प्रकाशित गर्न नाम टुङ्गो लगाइसक्नुपर्छ । ट्रम्पको राष्ट्रपतीय अभियानका प्रवक्ता स्टीभन चङले अदालतको आदेश त्रुटिपूर्ण रहेको प्रतिक्रिया दिएका छन्। उनले डेमोक्र्याटिक पार्टीबाट नियुक्ति पाएका न्यायाधीशहरूप्रति पनि आक्रोश व्यक्त गरेका छन् । "मतसर्वेक्षणहरूमा ट्रम्प निकै अगाडि देखिएपछि डेमोक्र्याटिक पार्टीका नेताहरू विक्षिप्त बनेका छन्," उनले भने ।

"उनीहरूले बाइडनको विफल नेतृत्वमाथि पनि विश्वास गुमाइसकेका छन् र अहिले अर्को नोभेम्बरमा उनीहरूको पार्टीको सरकार फाल्ने अमेरिकी मतदाताहरूको तयारी रोक्न सक्दो प्रयास गरिरहेका छन्," ट्रम्पका प्रवक्ताले भनेका छन् । बाइडनको अभियानका प्रतिनिधिले भने यस विषयमा टिप्पणी गर्न अस्वीकार गरे । तर बाइडनको निर्वाचन अभियानमा सहभागी एक डेमोक्र्याट नेताले बीबीसीको अमेरिकी साझेदार सीबीएस न्यूजसँग अदालतको निर्णयले क्यापिटल हिलमा भएको दङ्गा राजद्रोहको प्रयास भएको भन्ने आफ्नो दाबीलाई पुष्टि गरेको बताए ।

# चीनमा भूकम्पमा परी मृत्यु हुनेको संख्या एकसय एकतीस

सिन्ह्वा

चीन । चीनको उत्तरपश्चिमी क्षेत्रमा गएको भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या १३१ पुगेको छ ।

चीनको उत्तरपश्चिमी प्रान्त गान्सुमो भूकम्पमा परी बुधबार बिहान ९ बजेसम्म मृत्यु हुनेको सङ्ख्या ११३ पुगेको छ भने घाइतेको सङ्ख्या ७८२ पुगेको छ ।

भूकम्पले छिङहाइ प्रान्तमा १८ जनाको ज्यान लिएको स्थानीय अधिकारीहरूले बुधबार बिहान जानकारी दिएका छन् ।

बिहान ५:३० बजेसम्म, प्रकोपका कारण क्विङहाइमा १९८ जना घाइते भएको रिपोर्ट गरिएको छ भने अन्य १६ जना अझै बेपत्ता छन् ।



चाइना भूकम्प नेटवर्क सेन्टरका अनुसार भूकम्प राति ११ बजेर ५९ मिनेटमा गएको हो । भूकम्पको केन्द्र गान्सु प्रान्तको जिशिशानको बोनान-डोङ्सिआङ-सालार स्वायत्त काउन्टीबाट करिब आठ किलोमिटर टाढा रहेको बताइएको छ ।

# बाली जोगाउन नसकेपछि माछापालन

टुडे समाचारदाता

नवलपरासी । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको मध्यवर्ती क्षेत्रका बासिन्दा वन्यजन्तुले बाली नोक्सान गर्दा समस्यामा पर्ने गरेका छन् । चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा सधैंजसो वन्यजन्तुले बाली नोक्सान गर्न थालेपछि कतिपयले विकल्पमा माछा पोखरी निर्माण गर्न थालेका छन् ।

माछापालन गर्दा क्षति पनि नपुग्ने र आम्दानी पनि हुने भएपछि यस्तो विकल्पमा आफूहरू लागेको कावासोती-७ का किसान देवराज सुब्बाले बताए । वनको सीमासँग जोडिएका यहाँका बासिन्दाको प्रायः घरैपिच्छे माछापोखरी रहेको उनले बताए । "यहाँ करिब ७० घरपरिवार सबैजसोको पोखरी छ, वनसँग जोडिएको ठाउँमा अरू बाली लगाएर जोगाउनै सकिँदैन, त्यसको विकल्प माछापोखरी बनेको छ", उनले भने । माछापालनबाट आम्दानीसमेत राम्रो हुँद आएको उनले बताए ।

पहिले धानखेती लगाउँदै आउनुभएका यमबहादुर नेपालीले पनि पछि माछापोखरी खन्नुभएको छ । दिनहुँजसो वन्यजन्तु आउने ठाउँमा अन्नबाली लगाएर भित्र्याउने समयसम्म केही नरहने भएपछि यस माछापोखरी निर्माण गर्ने क्रम बढेको उनले बताए । जिल्लाको देवचुली, कावसोती, मध्यविन्दु नगरपालिकाको मध्यवर्ती आसपासका क्षेत्रमा दिनप्रतिदिन माछापालन गर्ने किसानको सङ्ख्या वृद्धि हुँदै गएको छ । वनको सीमा क्षेत्रमा रहेका जग्गामा माछापोखरी निर्माणका लागि यहाँका सामुदायिक वनले समेत सहयोग गर्दै आएका छन् ।

माछापालन गर्न चाहनेका लागि नमूना मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहले सहयोग गर्ने गरेको वनका अध्यक्ष खिलबहादुर गुरुङले बताए । नमूना मध्यवर्ती सामुदायिक वन र कृष्णसार मध्यवर्ती सामुदायिक वनअन्तर्गत पर्ने यस क्षेत्रमा मात्रै एक सय ४० माछापोखरी रहेका छन् । माछापालनले बन्यजन्तु र मानवबीचको द्वन्द्व व्यवस्थापनमा समेत सहयोग पुगेको अध्यक्ष गुरुङले बताए । अन्य बाली लगाउँदा वन्यजन्तुले क्षति पुऱ्याउने हुँदा वन नजिकमा माछापालन व्यवसाय फस्टाउँदै गएको उनले बताए । यसले वन्यजन्तुले बाली मास्ने समस्या पनि हटेको र माछापालन व्यवसायबाट मनग्य आम्दानी हुने गरेको उनले बताए ।

कावासोती नगरपालिकाले माछापालनमा मध्यवर्ती क्षेत्रका बासिन्दा आकर्षित भएसँगै वडाहरूलाई पकेट क्षेत्रका रुपमा घोषणा गरी अनुदान उपलब्ध गराउँदै आएको छ । कावासोती नगरपालिकाभित्रका वडा नं ७ र १३ लाई माछा पकेट क्षेत्रका रुपमा विकास गर्दै अनुदान उपलब्ध गराउने गरेको कावासोती नगरपालिका कृषि विकास शाखाका प्रमुख शिवनारायण कुमालले बताए । "मध्यवर्ती आसपासमा माछापालन गर्ने क्षेत्र बढ्दै जाँदा नगरपालिकाबाट आवश्यक अनुदान उपलब्ध गराउन थालेका छौं, किसानले पनि राम्रो आम्दानी लिने गरेका छन्", उनले भने ।

# ऐतिहासिक धातु व्यवसाय जोगाउनै मुस्किल

टुडे समाचारदाता

टक्सार । ऐतिहासिक टक्सार बजारमा रहेका धातु उद्योग दक्ष जनशक्ति र कच्चापदार्थको अभावका कारण सङ्कटमा पर्दै गएको छ । लाखौं मूल्यको धातुको सामग्री उत्पादन हुँदै आएका टक्सारको धातु उद्योग अहिले आवश्यक स्थानीय स्रोत र साधनको अभावका कारण र दक्ष जनशक्ति पलायन हुँदै गएपछि सङ्कटमा पर्दै गएका हुन् ।



पछिल्लो समय दुई-तीन परिवारले मात्र पुरानो पेसा अगाल्दै आइरहनुभएको छ । स्थानीय बुद्धराज शाक्य लगायतले मात्र अहिले धातुका सामग्रीहरु माग भएमा बनाउँदै आउनुभएको छ । टक्सारको धातु उद्योग र यहाँको मौलिक पहिचानलाई जीवित गराउन पलायन भएका व्यवसायीलाई स्थानीयस्तरबाट पुनः अभिप्रेरित गराउनुपर्ने तथा मौलिक कला र उद्योगको संरक्षणका लागि आवश्यक स्रोत साधन उपलब्ध हुनुपर्ने गराउन जरुरी रहेको स्थानीय विमलकुमार शाक्यको भनाइ रहेको छ ।

इतिहास बोकेको भोजपुर नगरपालिका-१२ टक्सारको धातुसम्बन्धी सामग्री बनाउने उद्योग कुनै बेला चर्चामा थियो । तर स्थानीयवासी तथा कालिगढहरु समेत पलायन हुने क्रम बढेकाले अहिले टक्सारको धातु व्यवसाय नै जोगाउन मुस्किल परेको स्थानीय सानुकाजी शाक्यले बताए । "धातु उद्योगले कच्चापदार्थ कोइला (गोल), मैन र दक्ष जनशक्तिको अभाव झेलिरहेको छ । राणाशासन, पञ्चायती शासनकालदेखि धातु उद्योगले प्रसिद्ध कमाएको टक्सारका उद्योग बन्दसँगै बजार क्षेत्रका मानिस पनि पलायन भएपछि टक्सार बजारसमेत सुनसान भएको छ," उनले भने ।

कालिगढ विस्थापनसँगै टक्सार बजारले मागअनुसारका सामग्री उत्पादन गर्न नसकेपछि अहिले तराईका जिल्लाहरुबाट नै पसलहरुमा बिक्रीका लागि धातुका सामग्रीहरु आउने गरेका छन् । विगतमा जस्तो टक्सार बजारमा धातु व्यवसाय पनि नभएको कारण बिक्रीका लागि बाहिरबाट नै सामग्रीहरु आउने गरेका व्यवसायी नवराज श्रेष्ठले बताए । "जनशक्ति अभावमा मागअनुसार टक्सारले सामग्री नै उत्पादन गर्न सक्दैन," उनले भने ।

टक्सारमै रहेको घरेलु विकास कार्यालयका अनुसार विगतमा दर्ता भएका धातु उद्योग अहिले केही मात्र सञ्चालनमा देखिएका छन् । यहाँ निर्मित करुवालगायत हस्तकलाका सामग्री नेपालमा मात्र होइन, चीनको तिब्बत र भारतको दार्जिलिङ, आसाम, सिलगढी तथा कोलकातासम्म बिक्रीका लागि निर्यात हुने गरेको स्थानीयवासीको भनाइ छ । नेकपा (एमाले)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीले हालै भोजपुरको टक्सारको धातु व्यवसायको समस्याका बारेमा धातु व्यवसायीहरु चासो राख्नुभएको थियो । टक्सार बजारका पुराना धातु व्यवसायी शाक्यले काँसका थोत्रा समान पगालेर विभिन्न नयाँ समान बनाउनुहुन्छ । करुवा, कलश, कचौरा, गाग्रीलगायत सामानहरु आफूले बनाउँदै आएको शाक्यले बताए ।

ऐतिहासिक कलामा पोख्त कालिगढहरु पलायन भएपछि मूर्तिकला र हस्तकलाको उद्योग पनि लोप भएको छ । व्यवसायी शाक्यले भने "कालिगढको अभावसँगै कच्चापदार्थको अभावमा धातु उद्योग फस्टाउन सकेको छैन, स्थानीय स्तरमा खानी सञ्चालन नभएकाले तराईबाट आवश्यक कच्चापदार्थहरु र कोइला ढुवानी गर्दा महँगोसमेत हुने भएकाले पनि टक्सारबाट कालिगढहरुको विस्थापन हुने क्रम बढेको छ ।"

# कृषि उपज ढुवानीमा सहज

टुडे समाचारदाता

काठमाण्डु । कुनै बेला वालिङ नगरपालिका-५ पाँडेथोकका अधिकांश किसानले उत्पादन गरेको कृषि उपजको बजारीकरणका लागि समस्या रहे पनि अहिले सडक पुगेपछि सहज भएको छ ।

गाउँमा उत्पादन भएको मौसमी तथा बेमौसमी तरकारी, फलफूल डोकामा बोकेर वालिङ बजार लैजानुपर्ने बाध्यता थियो । कृषि उपजको बजारीकरणका लागि गाउँमै बिना विद्युतीय रोपवे (ग्राभिटी रोपवे)समेत निर्माण भई सञ्चालनमा आयो । सडकको पहुँच गाउँसम्म पुग्न नसकिरहेका बेला ग्राभिटी रोपवेमार्फत कृषि उपजको ढुवानी गर्दा प्रभावकारी भएको थियो । विस्तारै सडकको पहुँच गाउँमा पुगेपछि अहिले सवार साधनमार्फत नै ढुवानी गर्न थालिएको स्थानीय अगुवा कृषक यज्ञप्रसाद लामिछानेले बताए ।

"डोकोमा बोकेर वालिङ, मिर्दी, रामबाच्छा, भकुण्डेलगायतका बजारमा तरकारी पुर्याउनुपर्थ्यो", उनले भने, "रोपवे सञ्चालनमा आएपछि डोकोमा बोकेर जानुपर्ने अवस्था हट्यो ।" अहिले गाउँबाट बिहानमा बजार झर्ने गाडीमार्फत सिधै उपभोक्ता वा व्यापारीकामा कृषि उपज पठाउन थालिएको उनले बताए । गाउँबाट बजार झर्ने जिपले गाउँमा उत्पादन भएका कृषि उपज ढुवानी गर्दै आएका छन् । "गाउँमा व्यावसायिकरूपमा तरकारी तथा फलफूल उत्पादन गर्ने किसानले बजार पठाउने तरकारी तथा फलफूल क्यारेटमा तयारी बनाएर राख्छौं", उनले भने, "गाउँबाट दैनिक तीन-चारवटा जिप बजार झर्छन् तिनैमार्फत सम्बन्धित उपभोक्ता तथा व्यापारीकामा पठाउने गरेका छौं ।"

कतिपय ठाउँमा गाउँबाट बजार झर्दा सवारी साधन रित्तै जाने र फर्किँदा बजारबाट सामान लिएर फर्किने देखिएको तर यहाँ ठीकविपरीत भएको वडा नं ५ का वडा सदस्य रामप्रसाद लामिछानेले बताए । "पाँडेथोक, पित्लेक, आरुपाटा, पाखुरेलगायतका गाउँ मौसमी तथा बेमौसमी तरकारी, फलफूल उत्पादनका दृष्टिले पकेट क्षेत्र हो", उनले भने, "अहिले यहाँ उत्पादन भएका कृषि उपजको बजारीकरणको कुनै समस्या छैन ।"गाउँबाट बजार जाने जिपहरूले झट्ट हेर्दा 'कृषि एम्बुलेन्स'को काम गरिरहेको उनले बताए । किसानले घरमा तयारी अवस्थामा राखेको कृषि उपज गाउँबाट बजार झर्ने जिपचालक तथा कर्मचारीले जिपमा राखेर सम्बन्धित ठाउँमा पुर्याएबापत प्रतिकिलो रु दुई भाडा दिने गरिएको छ ।

"किसानले सिधै व्यापारी वा उपभोक्तालाई सम्पर्क गरी दिन पनि पाउँछन् भने सवारीधनीलाई दिए पनि उनीहरूले बजार लगेर बिक्री गरेपश्चात साँझ क्यारेट र पैसा घरमै ल्याइदिन्छन्", उनले भने, "वालिङ नगरभित्रका वालिङ बजार, मिर्दी, भकुण्डे, भुम्रे, रामबाच्छासम्म लगेर बिक्री गरेको प्रतिकिलो रु दुई र त्यहाँभन्दा बाहिर लगेर बिक्री गरेमा थप भाडा किसानले दिने गरी व्यवस्थापन गरिएको छ ।"किसानले बिक्री गर्न आफैं बजार जानु नपर्ने भएकाले पनि समयको बचत भएको जनकल्याण कृषि सहकारी संस्थाका व्यवस्थापक हुमनाथ लामिछानेले बताए । गाउँमा एक सय ४२ घरधुरीमध्ये ७२ घरधुरीमा व्यावसायिकरूपमा तरकारी तथा फलफूल गर्दै आइरहेका छन् ।

# ड्रागन खेतीमा रमाउँदै

टुडे समाचारदाता

इलाम । इलामको चुलाचुली गाउँपालिका-२ का वडा सदस्य माइतराज लिम्बूलाई पछिल्लो समय फुर्सद छैन । बिहान उठेदेखि बेलुकीसम्म उहाँ काममै व्यस्त हुनुहुन्छ । दिउँसो प्रायः जनताको काममा व्यस्त रहनुहुने लिम्बू बिहान र बेलुका आफ्नै व्यवसायमा व्यस्त देखिन्छन् ।



दिउँसो प्रायः जनतासँगै सुखदुःखमा समय बिताउने उहाँ बिहान र बेलुका भने आफ्नो ड्रागन फल खेतीको स्याहारसुसारमा व्यस्त देखिन्छन् । उनले छथरे टोलमा ६ कठ्ठा जमिनममा विगत ४ वर्षदेखि ड्रागन फल खेती सुरु गरेका छन् । जनताको काम गरेर बाँकी समय त्यही ड्रागन बगानमा रमाउँदै सफल व्यवसायीका रुपमा आफूलाई समर्पित गराउँदै आएका छन् । चुलाचुलीमा नै पहिलोपटक व्यावसायिक ड्रागनखेती सुरु गर्नुभएका लिम्बूको ड्रागन बगान हेरिरहुँलाग्दो छ । उनको ड्रागन बगानमा अहिले सेतो र रातो गरी दुई प्रजातिका दुई सय खम्बामा चार सयवटा ड्रागन फलका बोट छन् । सबै बोटले उत्पादनसमेत दिन थालेका छन् ।

'छथरे ड्रागन फल कृषि फार्म' दर्ता गरी रु दुई लाखको लगानीमा ड्रागन फलको खेती सुरु गरेका हुन् । उनलाई उत्पादन नहुँदासम्म भने फाइदा हुँदैनजस्तो लागेको थियो । बजारको समेत समस्या हुने हो कि भन्ने चिन्ता थियो । तर अहिले उत्पादन राम्रो हुनाका साथै घरबाटै बिक्री हुन थालेपछि उहाँ हर्षित छन् । उनले फलका अतिरिक्त बिरुवा उत्पादनको कामसमेत गर्दै आएका छन् । उनले या वर्ष मात्र रु दुई लाख १० हजार आम्दानी गरेका छन् । फल बिक्री गरेर रु एक लाख ३० हजार र बिरुवा बिक्री गरेर रु ८० हजार आम्दानी गरेको उनले बताए ।

"जनताको काम गरेर उब्रेको समय ड्रागन खेतीमा नै बिताउने गरेको छु । आम्दानीसमेत राम्रै हुँदो रहेछ", सदस्य लिम्बूले भने, "वार्षिक रुपमा रु दुई लाख बढी आम्दानी हुने रहेछ । यसैले नानीहरु पढाउन र घरखर्च चलाउन मज्जाले पुगेको छु ।" उनले परम्परागत खेतीलाई विस्थापन गर्दै नयाँ प्राजतिको खेती गर्न एकैपटक चार सय बिरुवा रोप्नुभएको थियो । उनले पैसा कमाउन विदेश जानैपर्ने बाध्यता नरहेको बताए । "युवामा पैसा कमाउनकै लागि विदेश जानु पर्दैन । आफैं लगानी गरेर गाउँमै स्वरोजगार बन्न सकिन्छ । यही सन्देश दिन मैले व्यावसायिक ड्रागन खेती सुरु गरेको हुँ", उनले भने ।

लिम्बूले उत्पादन गर्नुभएको ड्रागन फल नजिकै झापाको दमक बजारमा नै बिक्री गरेको छ । सरदरमा प्रतिकेजी रु चार सयदेखि पाँच सयमा बिक्री हुने उनले बताए । विरुवा भने स्थानीय स्तरमा नै बिक्री हुने गरेको छ । बिरुवा पनि प्रतिगोटा रु दुई सय ५०सम्ममा बिक्री हुने गर्दछ । लिम्बू २०७९ को स्थानीय तह निर्वाचनमा नेकपा (एमाले)बाट वडा सदस्यमा निर्वाचित भएका हुन् ।

ड्रागन फुड फूल फुलेको ३० औं दिनमा फल पाकेर खानका लागि योग्य हुन्छ । टिपेर राख्दा १०/१५ दिनसम्म नबिग्रिने हुन्छ । गर्मी समयको जेठदेखि असोजसम्म मुख्य रुपमा फल दिने ड्रागन फल वर्षमा चार लटसम्म फल्ने गर्दछ । यस फलमा फूल फुल्ने, कोपिला लाग्ने, फल फल्ने क्रम एकसाथ चलिरहन्छ । ड्रागन फ्रुड रोपेको १६ वर्षसम्म उत्पादन लिन सकिन्छ ।

जग्गामा ड्राङ बनाएर पिलर गाडेर, पातलो हारमा मिलाएर लगाउन सकिने ड्रागन फुड पूर्वी नेपालमा नौलो फल हो । यसको बोटको हाँगा कटिङ गरेर रोपिन्छ । एउटै बोटबाट पनि अरू बिरुवाको वृद्धि विकास गर्न सकिन्छ । एक पटक बिरुवा लगाएपछि समय समयमा सामान्य गोडमेल र सिँचाइबाहेक अन्य गोडमेल गर्नु नपर्ने र रोपेको २ वर्षदेखि लगातार लामो समयसम्म फल दिने हुनाले अन्य खेती तुलनामा यसको खेतीबाट राम्रो आम्दानी लिन सकिने लिम्बूको भनाइ छ ।

ड्रागन फलका लागि उष्ण र उपष्ण क्षेत्र उत्तम मानिन्छ । यसको खेती दक्षिण मोहडा भएको प्रशस्त घाम लाग्ने र समुन्द्री सतहदेखि एक हजार पाँच सय मिटरसम्म उचाइ भएको जमिनमा गर्न सकिन्छ । यो फल वार्षिक ५० देखि एक सय ५० सेन्टिमिटर वर्षा र २० देखि ३० सेल्सियस तापक्रम हुने ठाउँमा खेती गर्दा धेरै लाभ लिन सकिन्छ । नेपालमा यो फललाई सिँचाइ सुविधा भएको ठाउँ तराई, भित्री मधेस र मध्य पहाडी क्षेत्रमा खेती गर्न सकिने विज्ञहरुको निष्कर्ष छ ।

# युवालाई उत्पादनसँग जोडिने

टुडे समाचारदाता

तनहु । तनहुँको शुक्लागण्डकी नगरपालिकामा युवासँग उपप्रमुख कार्यक्रम सञ्चालन हुने भएको छ । बाँझो जमिनमा उत्पादन केन्द्रित कार्यक्रम लागू गर्ने उद्देश्यसहित नगरपालिकामा युवासँग उपप्रमुख कार्यक्रम सुरु गर्न लागिएको हो ।




यसका लागि कृष्मि बहुउद्देश्यीय सहकारी संस्था र नगरपालिकाबीच सम्झौता भएको छ । सम्झौतापत्रमा सहकारीका तर्फबाट अध्यक्ष मनराज गुरुङ र नगरपालिकाका तर्फबाट शिक्षा तथा युवा शाखाका प्रमुख नवराज चापागाईंले हस्तान्तरण गरेका छन् । बाँझो जमिनमा उत्पादन केन्द्रित कार्यक्रम लागू गर्ने र उत्पादित वस्तुको जिम्मा नगरपालिकाको रोहवरमा सहकारीले लिने गरी युवासँग उपप्रमुख कार्यक्रम सञ्चालन गर्न लागिएको सहकारीका अध्यक्ष मनराज गुरुङले जानकारी दिए ।

आर्थिक वर्ष २०८०/८१ मा नगरपालिकाका तर्फबाट उक्त कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन भएको छ । नगरपालिकाका तर्फबाट रु १० लाख र बाँकी सहकारीको साझेदारी रहने अध्यक्ष गुरुङले बताए । यस कार्यक्रमअन्तर्गत माटोको जैविकता जोगाउने, रैथाने बीउहरुको संरक्षणका लागि बीउ बैङ्क स्थापना गर्ने लक्ष्य छ । त्यस्तै, उत्पादनमूलक कार्यक्रमअन्तर्गत कफी, जरे बाली (अदुवा, बेसार, पिडालु, तरुल), रैथाने गेडागुडी (मास, मस्याङ, बोडी, सिमी), मरिच र टिम्मुर खेती गरिनेछ । उनले भने, "किसानहरुको समूह गठन गरी उत्पादन केन्द्रित अभियान सञ्चालन गरिनेछ । किसानहरुले उत्पादन गरेको कृषिउपज सामग्री सहकारीले खरिद गर्ने र बजारीकरणमा सहयोग पुऱ्याउनेछ ।"

युवालाई उत्पादनमा जोड्न युवासँग उपप्रमुख कार्यक्रम ल्याइएको नगरपालिकाका उपप्रमुख खुमबहादुर विकले बताए । उनले भने, "युवाशक्ति नहुँदा खेतबारी बाँझो हुने क्रम बढेको छ । युवाशक्तिलाई उत्पादनसँग जोड्न सकिए आत्मनिर्भर बनाउन सकिन्छ ।"

प्राकृतिक स्रोतसाधनको उपयोग गरी परापूर्वकालदेखि उत्पादित वस्तु र विधिमा नयाँ प्रविधिको समायोजन गरी व्यावसायिक उत्पादन गर्ने उद्देश्यसहित शुक्लागण्डकी नगरपालिकामा गत कात्तिकमा कृष्मी बहुउद्देश्यीय सहकारी संस्था गठन भएको थियो । रासायनिक मल र विषादीको अत्यधिक प्रयोगबाट जनस्वास्थ्यमा पुगेको दीर्घकालीन स्वास्थ्य समस्यालाई दृष्टिगत राखी प्राकृतिक खेती प्रणालीमार्फत विषादीरहित खाना खाने अभियान सहकारीले गर्ने अध्यक्ष गुरुङको भनाइ छ ।


## Invitation for Bids

### Provinance Hospital Malangwa, Sarlahi

**Malangwa, Sarlahi**

**Madhesh Pradesh, Nepal**

**For The Construction of Emergency Building**

**(Emengency Bhawan ko Nirman karya)**

**Contract Identification No: 01/PHS/NCB/works/2080/081-01**

**First Date of publication: 21Dec2023 (2080/09/05)**

1. The Provinace Hospital Malangwa, Sarlahi has received grant from Ministry of Health & Population towards the cost of For The Construction of Emergency Building and intends to apply part of the funds to cover eligible payments under the Contract as given in the following table. Bidding is open to all eligible as per Section V of bidding document.
2. The Provinace Hospital Malangwa, Sarlahi invites sealed bids or electronic bids from eligible bidders for the construction of For The Construction of Emergency Buildin under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs5,68,72,705
   - Minimum Work experience of similar size and nature: At least 1 (One), 2Storey RCC Framed Hospital Building Construction with ramp Project of within the last Ten years that have been successfully completed.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of The Provinace Hospital Malangwa, Sarlahi or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Electronic Submission of bids is mandatory. A complete set of Bidding Documents may be obtained from PPMO's eGP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document in the Projects Rajaswa (revenue) account asspecified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall beuploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** Nepal Bank, sarlahi — **Name of Office :** The Provinace Hospital Malangwa, Sarlahi
   **Office Code no. :** 3700519012 — **Office Account no.:** 27102000001001000001(Revenue account)
   **Rajaswa (revenue) Shirshak no:**14229 — **Dharauti khata No:** 02902000002003000001
6. Pre-bid meeting shall be held at The Provinace Hospital Malangwa, Sarlahi Madhesh Provinannce at 11 hrs 25- jan-2024
7. Sealed or electronic bids must be submitted to through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12hrs on 2080/10/07. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [14hrs and 2080/10/07 at the office of The Provinace Hospital Malangwa, Sarlahi. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of Nrs. 9,47,900 which shall be valid for 30 days beyond the validity period of the bid .
9. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10. The summary of contract is given below:-

| S. N. | Contract ID No. | Project Name | Minimum Work Experience of Similar Size and Nature<br>Single Entity or All Partners Combined in case of Jv (Without VAT) | Bid Document Fee, NRs | Average Annual Construction Turnover (AACT), NRs (Without Vat) | Bid Security, Nrs |
|---|---|---|---|---|---|---|
| 1. | 01/PHS/NCB/works/2080/081-01 | For The Construction of Emergency Building (Emengency Bhawan ko Nirman karya) | At least 1 (One), 2 Storey RCC Framed Hospital Building Construction with ramp Project of within the last Ten years that have been successfully completed. | 5000 | 5,68,72,705 | 947900 |

**Medical Superidient**

## मुसहर वस्तीको पीडाः
# ‘नेता आउँछन्, आश्वासन मात्र दिन्छन्’

**किरण कर्ण**



जनकपुरधाम । जनकपुरधामका कतिपय वस्तीमा शरीर छोप्न लुगाफाटा र चिसोबाट बच्नलाई जोगिनका लागि कम्बल, सिरकलगायत आवश्यक लुगाफाटा नहुँदा मुसहर समुदाय विच्चलीमा परेका छन् ।

शिशिर ऋतुको आगमनसँगै यहाँ चिसो बढ्ने क्रम जारी छ । चिसोयाममा शरीर छोप्नलाई लुगाफाटाको आवश्यकता हुन्छ । शरीर छोप्नका लागि शिरक, डस्ना र ओच्छ्यान विछ्यानको प्रबन्धपनि नभएकाले उनीहरु विचल्लीमा परेका छन् ।

निर्वाचनताका प्रायः नेताहरु भोट रिझाउन मतदातालाई बाँच्नका लागि चाहिने आवश्यकताहरुमाथि पनि राजनीति गर्दा अहिले गरिब, असहाय, निमुखा तथा सिमान्तकृत वर्गहरु विच्चलीमा परेका हुन् ।

उम्मेदवारहरुले आफ्नो रोटी सेक्ने नाममा भोट रिझाउनलाई विभिन्न दाउपेच लगाउँदै गरिब, दलित, पिछडिएका समुदाय तथा सिमान्तकृत वर्गका बस्तीमा पुगेर आश्वासन दिएपनि पूरा नगर्दा उनीहरु विचल्ली अवस्थाबाट गुज्रिनु परेको बताउँछन् ।

नेताहरुले गरिब, दलित तथा सिमान्तकृत बस्तीमा रहेको झुपडीमा गएर गास, बास, कपास तथा रोजगार दिने आश्वासन दिएपनि निर्वाचित भएपछि नेताहरुले माग पूरा नगदाए अन्योलमा परेका छन् ।

मुसहर बस्तीमा निर्वाचनताका नेताहरुकोप्रतिवद्धताप्रतितितोअनुभवरहेको भन्दै जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २० बस्ने सुबोध माझीले भने, ‘ नेताहरु प्रत्येक निवर्चानमा आउँछन्, लोभ दिन्छन्, मत लिन्छन्, तर वाचा पूरा नगर्दा घरबारविहीनताको अवस्था छ ।’

जनकपुरधाम वडा नम्बर २० स्थित बसहीयाको मुसहर बस्तीका स्थानीय माझीले जाडो बढ्दा आगो ताप्नलाई घुर गरेर रात बिताउने गरेपनि बालबच्चालाई केही थान नयाँ लुगा किन्नका लागि केही रकमको जोहो गर्न दिनभर काम गरी जोगाएर राखिएको रकमले किन्ने ध्येय रहेको बताए ।

उनले निर्वाचनको बेला नेताहरु आउनेजाने गरेपनि अहिले भने हामी कुन अवस्थाबाट गुज्रिरहेका छौं, त्यसप्रति वास्ता नगर्दा दुःख लागेको गुनासोसमेत गरे । हामीलाई काम दिएमा हामी सबै आफ्नो घरपरिवार र बालबच्चालाई पढाउन लेखाउन पनि सक्नेथ्यो भन्ने उनको भनाइ छ ।

विगतमा चुनावका बेला नेताहरुले झुपडी हटाएर घर बनाइदिने भनेपनि मधेश प्रदेश सरकारले बनाउन लागेको घर अहिलेसम्म पनि अधुरै छ । आफ्नो नाममा जग्गाजमिन नहुँदाको समस्या एकातर्फ रहेपनि मौसम पिच्छै समस्या भने आइ नै रहेको माझीले भने ।

घरबारविहीन हुँदा वर्षातयाममा औंत लाग्ने समस्या, जाडोयाममा शरीर छोप्न समस्या हुने गरे पनि जसोतसो दिन बिताउँदै आएका मुसहर वस्तीमा मुसहरहरु कष्टप्रदायक जीवन व्यतीत गर्न बाध्य देखिएका छन् ।

त्यस्तै स्थानीय सेवक सदाले मौसम पिच्छै हामीलाई हरेक वर्ष वर्षात, जाडो, हावाहुरीलगायत विभिन्न समस्या र चुनौतीलाई झेलेर भए पनि भगवान भरोसे जिउन बाध्य रहेको बताउँछन् ।

उनले हाम्रो घर, बालबालिकालाई शिक्षादीक्षालगायतका खाद्यान्न तथा रोजगारीको आवश्यकता रहे पनि हामीलाई समाजले पनि वास्ता नगरेको दुःखेसो पोख्छन् ।

उनले भने, ‘हामी धेरै गरिब छौं, वर्षातको बेला, जाडोको बेला, हावाहुरी आएको बेला निकै नै कष्ट गर्दै घरमा ओत लागेर बस्नु पर्ने बाध्यता छ ।’

निर्वाचनताका नेताहरु भोट माग्न आउँदा विभिन्न वाचा गरे पनि यहाँ न सडक बन्यो, न त घर बन्यो, तर अहिले हामी विच्चलीमा परेका छौं । नेताहरुले घर आँगनमै आएर लोभ लालच, आश्वासन दिने गरेको स्मरण गर्दै सदाले भने, ‘मधेश प्रदेश सरकारले विगतमा घर बनाइदिन्छु भनेर भन्यो, तर घर पनि बनाइ दिएनन्, बरु घरबारविहीन बनाएर विच्चली बनायो ।’

यता धनुषा क्षेत्र नम्बर ३ की प्रतिनिधिसभा सदस्य जुली कुमारी महतोले जनताको समस्याप्रति गम्भीर रहेको बताइन् । उनले मुलुकमा तीन तहको सरकार रहेको र प्रत्यक्षरुपमा अनुभूति हुनेगरी स्थानीय तहको सरकार रहेको बताउँदै जनप्रतिनिधिले स्थानीय नागरिकको समस्याहरु तत्काल पूरा गर्न अग्रसर हुनुपर्ने र यसका लागि आफूले पहल गर्ने भनिन् ।

नेताहरुले लोकतन्त्रको अनुभूति गरे पनि जनताले भने लोकतन्त्रको उपभोगसमेत गर्न नपाउँदा गरिब, असहाय, निमुखा जनता झनै पीडित हुनु दुःखद रहेकाले आफुले फेरि पनि समस्यामा रहेका पीडित जनताको आवाजलाई उठाउने र समस्या समाधानका लागि पहलकदमी लिने बताइन् ।

मधेश प्रदेश सरकारले मुसहर बस्तीलाई केन्द्रित गर्दै झुपडीको ठाउँमा पक्की घर बनाइदिने भन्दै झुपडी भत्काएर पक्की घर बनाउने कार्यलाई सुरु गरेको थियो । तर पक्की घर निर्माणका लागि कुर्सी खडा गर्दै भित्ता उठाउने कार्य गरेको थियो । तर सो घरको काम सुरु भएको तीनवर्ष वित्दापनि घर भने बन्न सकेको छैन ।

# प्रदेश वनसम्बन्धी नियमावली ल्याउन निर्देशन



**टुडे समाचारदाता**

जनकपुरधाम । प्राकृतिक स्रोत तथा वातावरण समितिका सभापति शारदा दास पहाडीले प्रदेश वन ऐन कार्यान्वयनका लागि तत्काल नियमावली बनाउन वन मन्त्रालयलाई निर्देशन दिएकी छन् ।

मधेश प्रदेश सरकारको मातहतमा रहेका मधेशभरका अधिकांश वनहरुलाई संरक्षण, सम्बर्द्धन, सुरक्षा, विभिन्न प्रयोजन तथा कामकारवाहीका लागि प्रदेश सरकार मातहत रहे पनि ऐन तथा कानुन नहुँदा समस्या रहेकाले नियमावली ल्याउन समितिका सभापति पहाडीले निर्देशन दिएकी छन् ।

संघीय ऐन अनुसार नै वनसम्बन्धी कामकारबाही हुँदा मधेश प्रदेशलाई विभिन्न समस्याबाट गुज्रिनु परेको भन्दै सभापति शारदा दास पहाडीले तत्काल प्रदेश वन ऐनलाई कार्यान्वयनका लागि नियमावली बनाउन निर्देशन दिएको जानकारी दिइन् ।

प्रदेश वनसम्बन्धी ऐन निर्माण भएको तीन वर्ष विते पनि नियमावली नहुँदा कार्यान्वयनमा आउन सकेको छैन ।

बुधबार मधेश प्रदेशसभामा बसेको प्राकृतिक स्रोत तथा वातावरण समितिको बैठकबाट प्रदेश वनसम्बन्धी ऐनलाई कार्यान्वयनमा ल्याउन मस्यौदा तयार पार्नका लागि वन तथा वातावरण मन्त्रालयका प्रदेश सचिव उद्धव बहादुर घिमिरेलाई मुख्यन्यायाधिवक्ता वीरेन्द्रकुमार ठाकुरसँग समन्वय गरी ल्याउन निर्देशन दिएको समितिका सभापति पहाडीले बताइन् ।

उनले प्रदेश वन ऐन कानुन कार्यान्वयनका लागि छिट्टै नै नियमावली ल्याइने र त्यसपछि प्रदेश वनसम्बन्धी कानुन व्यवहारिकरुपमा कार्यान्वयन भएसँगै सरोकारवाल तथा जनताले पनि राहत पाउने बताइन् ।

सभामुख रामचन्द्र मण्डलको प्रमुख आतिथ्यतामा भएको यस बैठकमा प्रदेश सांसदहरु मनोज सिंह, त्रिभुवन साह, सञ्जिला यादव, ममता मण्डल, नुरैन साह, प्रदेशसभाका सचिव मनोज कुमार गिरी, अर्थ समितिका सभापति सतिश सिंहलगायतकाहरुको उपस्थिति रहेको थियो ।

प्रदेश वन ऐन २०७७ मै प्रदेशसभाबाट पारित भएको थियो ।

# २० करोडभन्दा बढी भुक्तानी लिन बाँकी

**टुडे समाचारदाता**



सर्लाही । सर्लाहीका उखु उत्पादक किसानले गत वर्ष बिक्री गरेको उखुको अनुदानबापतको रकम २० करोड रुपैयाँभन्दा बढी भुक्तानी लिन बाँकी रहेको जनाएको छ ।

जिल्लाका १७ हजार ३० किसानले चिनी उद्योगलाई उखु बिक्री गरेबापत प्रतिक्विन्टल ७० रुपैयाँका दरले पाउनुपर्ने २९ करोड २५ लाख ५२ हजार सात सय ४९ रुपैयाँ मध्ये हालसम्म २० करोड २५ लाख ५२ हजार सात सय ४९ रुपैयाँ निकासा हुन बाँकी रहेको नेपाल उखु उत्पादक किसान महासंघका अध्यक्ष कपिलमुनी मैनालीले जानकारी दिए ।

उनका अनुसार प्रतिक्विन्टल अनुदानबापत ७० रुपैयाँका दरले पाउनुपर्ने २९ करोड २५ लाख ५२ हजार सात सय ४९ रुपैयाँ मध्ये प्रतिक्विन्टल अनुदानबापतको रकम ४९ रुपैयाँका दरले २० करोड २५ लाख ५२ हजार सात सय ४९ रुपैयाँ भुक्तानी हुन बाँकी रहेको छ ।

जिल्लामा रहेका इन्दुशंकर चिनी उद्योग हरिवन, महालक्ष्मी चिनी उद्योग र अन्नपूर्ण चिनी उद्योग गरी तीनवटा चिनी मिलमा गत वर्ष उखु बेचेका १७ हजार ३० किसानले प्रतिक्विन्टल अनुदानबापतको रकम २१ रुपैयाँका दरले नौ करोड ११ लाख २६ हजार छ सय ३८ रुपैयाँ मात्रै हालसम्म प्राप्त गरेका मिलगेट उखु उत्पादक समितिका जिल्ला अध्यक्ष राजकुमार उप्रेतीले जानकारी दिए ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकले बाट मन्त्रालयबाट प्राप्त गरेको सो रकम जिल्लाका उखु उत्पादक किसानलाई ३० प्रतिशतका दरले वितरण गर्ने निर्णय गरेपछि कोष तथा लेखा नियन्त्रकको कार्यालयले अनुदानबापतको रकम नौ करोड ११ लाख २६ हजार छ सय ३८ रुपैयाँ भुक्तानी गरेको कार्यालय प्रमुख निर्मल न्यौपानेले बताए । उनका अनुसार किसानका लागि अनुदानबापत करिब २० करोड १४ लाख २६ हजार एक सय ११ रुपैयाँ आउन बाँकी रहेको छ ।

यता राज्यले दिनुपर्ने अनुदानबापतको गत वर्षको रकम यथाशीघ्र भुक्तानी हुनुपर्ने र यस वर्षको उखुको मूल्य सात सय ५० रुपैयाँ कायम हुनुपर्ने माग राख्दै जिल्लाका उखु उत्पादक किसान गत शनिबारदेखि सडक आन्दोलनमा होमिएका किसान अगुवा ताराराज पन्त (अर्जुन)ले बताए । उनले आफूहरूका माग सम्बोधन नहुँदासम्म आफ्ना आन्दोलनका कार्यक्रम जारी रहने बताए ।

# धनगढीमाईका प्रमुख प्रशासकीय सहित १८ जना विरुद्ध मुद्दा

**टुडे समाचारदाता**




लहान । धनगढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश महतोसहित १८ जनाविरुद्ध कानुनविपरीत ठेक्का लगाई अवैध ढुंगा, गिट्टी तथा बालुवा उत्खन्न गरे/गराएको आरोपमा सिराहा जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ । डिभिजन वन कार्यालय सिराहाले पक्राउ परेका मञ्जितकुमार यादव, फुलकुमार यादव, सन्दिपकुमार यादव, रामकुमार यादव, अरविन्द किशोर यादव, ईन्द्रजित महतो, रमनकिशोर यादव, पुरुषोत्तम यादवलगायतविरुद्ध मुद्दा दायर गरिएको हो ।

यस्तै जेसीबी धनी बद्री यादव, ट्र्याक्टर धनीहरु अजित पासवान, रघुनाथकुमार महतो, विमल अधिकारी, सरोजकुमार यादव, राकेश यादव, हरि नेपाली तथा धनगढीमाई नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, धनगढी सिराहाका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश महतो, प्रशासन शाखा सहायक रंजितकुमार सिंह र वरुण कन्स्ट्रक्सन, धनगढीमाई सिराहाका प्रो. निलमकुमारी यादवविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरिएको डिभिजन वन कार्यालय सिरहाले जनाएको छ ।

उनीहरुविरुद्ध वन नियमावली, २०७९ को नियम ३०(५) र वातावरण संरक्षण ऐन, २०७६ को दफा ३(ख) बमोजिम तथा ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा ४(ख) र ६(३) बमोजिमको प्रक्रिया पूरा नगरी ठेक्का लिई लगाई अवैध ढुंगा, गिट्टी तथा बालुवाको उत्खनन् गर्ने/गराउने कार्यमा संलगन रहेको आरोप लगाइएको छ । प्रतिवादीहरुले १ लाख ५७ हजार ८ सय १५ रुपैयाँ बराबरको हानी नोक्सानी गरेकोले बिगोसहित वन ऐन, २०७६ को दफा ४९(झ) बमोजिम कसुरमा सोही ऐनको दफा ५०(६)(ड.) वमोजिम सजाय हुन र बोझवाहकको हकमा सोही ऐनको दफा ६८(१) बमोजिम जफत हुन मागदाबी गरिएको छ ।

सिराहा जिल्ला धनगढीमाई नगरपालिका वडा नं. १२ र १३ स्थित सर्रेखोला सामुदायिक वन क्षेत्रभित्रबाट बिनाईजाजत अनटेस्ट जेसीबी १ थान र ७ वटा ट्र्याक्टर प्रयोग गरी अनियमित तबरबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन् गरिरहेको अवस्थामा वनको टोलीले मंसिर १५ गते पक्राउ गरेको थियो ।

# रुसी सेनामा भर्ती भएका विमल सम्पर्कविहीन

**टुडे समाचारदाता**



जनकपुरधाम । रुसी सेनामा भर्ना भएका धनुषाको मिथिला नगरपालिका-७, केमलीपुरका २९ वर्षीय विमल जगमेर सम्पर्कविहीन भएका छन् ।

भदौं २० गते दुबई हुँदै रुस पुगेका विमल असोज ११ गतेदेखि सम्पर्कविहीन छन् । रुस पुगेर रुसी सेनामा भर्ती भएका छोरा सम्पर्कविहीन भएपछि बुवा तिलकबहादुर जगमेरले छोरा सम्पर्कविहीन हुँदा चिन्तित हुँदै सम्पर्कमा ल्याउनका लागि सरकारसँग याचना गरेका छन् ।

बुबा तिलकबहादुरले असोज ११ गते अन्तिम पटक विमलसँग कुराकानी भएको बताउँदै भने, ‘भिडियो कलमा भएको कुराकानीका क्रममा छोराले अब तीन महिनाका लागि तालिममा पठाउन लागेको र त्यस अवधिभर कुराकानी हुन नसक्ने बताएका थिए । तालिममा मोबाइल फोन लान दिँदैन त्यसैले चिन्ता नलिन र सबै राम्रोसँग बस्न भनेका थिए । त्यसयता विमलसँग सम्पर्क हुन सकेको छैन ।’

‘विमलको मेसेन्जरमा न त अनलाइन देखाउँछ न त उसको नम्बरमा फोन लाग्छ । छोरोले तीन महिना कुराकानी हुँदैन भनेकाले फोन नलाग्दा पनि हामी घरका सदस्यलाई खासै चिन्ता लागेको थिएन’, तर एक्कासी सम्पर्कविहीन हुँदा चिन्ता लागेको छ’, ‘विमलसँगै रुसी सेनामा गएका रामचन्द्र श्रेष्ठ भागेर गत सोमबार नेपाल फर्केका छन् । उनले पनि विमलसँग दुई महिनादेखि सम्पर्क नभएको र तालिम अवधि नसकिँदै युद्ध मैदानमा पठाएको बताएपछि चिन्ता बढेको छ’, उनले भने ।

बंगुर फार्ममा घाटा लागेर ऋण लागेपछि विमलले जोखिम उठाउँदै रुसी सेनामा भर्ना हुन पुगेका थिए ।

विमल २०७८ मंसिर २५ गते एक होटलमा होम डेलिभरीको काममा दुबई गएका थिए । गाउँमै सञ्चालन गरेको बंगुर पालन व्यवसायमा घाटा लागेर ऋण लागेपछि उनी दुबई गएका थिए । १० कक्षासम्म पढेका विमलले गाउँमै बंगुर फार्म खोलेका थिए । त्यसमा उनलाई घाटा लागेर सात लाख रुपैयाँ ऋण लागेपछि उनी विदेश गएको बुबा तिलकबहादुरले बताए ।

# महानगरपालिकाद्वारा स्वयमसेवक शिक्षक हटाइयो

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिकाले पुस १ गतेदेखि लागु हुनेगरी स्वयम्सेवक शिक्षकलाई सेवाबाट हटाएको छ ।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले दिएको जानकारि अनुसार महानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत सबै स्वयमसेवक शिक्षकलाई हटाइएको छ । नगर शिक्षा समितिको मङ्गलबार बसेको बैठकले सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण स्वयंसेवक शिक्षकलाई हटाउने निर्णय गरेको थियो ।

महानगरपालिकाले गत साउन १ गतेदेखि आधारभूत तह र माध्यमिक तहमा एक सय ५७ स्वयम्सेवक शिक्षक राखेको थियो ।

# रामानन्दले ३८औं वार्षिकोत्सव मनाउँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । रामानन्द युवा क्लवले तीन दिवसिय कार्यक्रमको आयोजना गरी ३८औं वार्षिकोत्सव




मनाउने भएको छ । वार्षिकोत्सवको क्रममा क्लवले बुधबार पहिलो दिन जनकपुरधामको रामानन्दचोकमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो ।

क्लवका कार्यकारिणी सदस्य एवम् रक्तदान कार्यक्रमका संयोजक रुपेश रोशन सिंह ‘मुन्ना’ले कार्यक्रममा स्थानीय, युवा, व्यापारी र युवा अगुवाहरु गरी कुल ५६ जनाले रक्तदान गरेको जानकारी दिएका छन् ।

तीन दिवसीय कार्यक्रमको दोस्रो दिन बुधबार जनकपुरधामस्थित बृद्धाआश्रममा फलफूल तथा न्यानो लत्ताकपडा वितरणको कार्यक्रम रहेको छ भने तेस्रो दिन बिहीबार क्लवको भवनमा पुरस्कार एवं प्रमाणपत्र वितरण कार्यक्रम रहेको क्लवका अध्यक्ष शशिभूषण झा ‘आशुतोष’ ले जानकारी दिएका छन् ।

नेकपा एमालेका केन्द्रीय सचिव रघुवीर महासेठको प्रमुख आतिथ्यमा हुने वार्षिकोत्सव समारोहमा विद्यापति पुरस्कार र श्री सरस्वती राजनारायण कला पुरस्कारलगायतका पुरस्कार हरुसमेत वितरण गरिने कार्यक्रम रहेको क्लवले जनाएको छ ।

वार्षिकोत्सवको पहिलो दिन आयोजित रक्तदान कार्यक्रममा प्रदेश सभा सदस्य दिपेन्द्र ठाकुर, क्लवका पूर्वअध्यक्ष जीवनाथ चौधरी, उपाध्यक्ष संतोषमान सिंह, महासचिव रोशन मिश्र, वडा नम्बर-४ का सदस्य प्रसन्न झा, रोशनी सिंहलगायतकाहरुको सहभागिता रहेको थियो ।

# बस र ट्रक ठोक्किदा तीनको मृत्यु , २७ घाइते



**टुडे समाचारदाता**

बारा । बारामा बस र ट्रक ठोक्किदा तीन जनाको मृत्यु भएको छ भने २७ जना घाइते भएका छन् ।

बुधवार राति जीतपुर सिमरा उपमहानपालिका २२ मा रहेको ३ नम्बर पुलमा काँकडभिट्टाबाट काठमाडौंतर्फ जाँदै गरेको बा.३.००१ख २५८७ न.को बस र हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको ना ७ ख ७३०० नम्बरको ट्रक एकआपसमा ठोक्किदा दुर्घटना भएको हो ।

मृत्यु हुनेमा ट्रक चालक तनहुँ पीपलटार बस्ने २८ वर्षीय पूर्ण गुरूङ, बसचालक मकवानपुर, हेटौंडाका ४० वर्षीय हरि शम्सेर सुयाल थापा र ३० वर्षीय एक पुरुषको रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए । घाइतेहरूको हेटौंडा अस्पताल र पुरानो मेडिकल कलेज चितवनमा उपचार भइरहेको उनले बताए ।

अपाङ्गताको आधारमा भेदभाव नगरौं ।

अपाङ्गताको आधारमा कसैलाई पनि

- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने,
- सेवा सुविधाबाट अलग्याउने,

जस्ता कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं ।

- अपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलौं ।
- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८